म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २९२ सोमबार २२ जेठ २०८० ने. सं. ११४३ तछलाथ्व 5 June 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**कर्मचारी आवश्यकता**

यस मकवानपुर सहकारी अस्पतालभित्र रहेको सक्षम औषधी पसल र अग्रिम औषधी पसलका लागि लेखापाल आवश्यकता परेको हुँदा सम्पर्क राख्नुहोला ।

तलबः आपसी समझदारीमा निर्धारण गरिनेछ ।

**सक्षम औषधी पसल/अग्रिम औषधी पसल**

**मकवानपुर सहकारी अस्पताल**

हेटौंडा-१, सम्पर्क नं.: ९८५५०७४९००, ९८४४१२७००९

## जातीय भेदभाव र छुवाछुतमा राज्यका तीनै तह अनुदार बनेको आरोप

साझाकुरा संवाददाता

हेटौंडा, २१ जेठ/जातीय भेदभाव र छुवाछुत उन्मूलनका लागि राज्यका तीनै तह संघदेखि स्थानीय सरकार अनुदार बनेको आरोप लागेको छ ।



दलित महिला तथा बालबालिकामाथिको भेदभाव र विभेदको अवस्था डरलाग्दो बनेको विषयमा संघीय, प्रदेश र स्थानीय सरकार गम्भीर नबनेको मानव अधिकारकर्मीहरूले आरोप लगाएका छन् । जातीय भेदभाव तथा छुवाछुत उन्मुलन सम्बन्धी राष्ट्रिय दिवसको अबसरमा मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयले हेटौंडामा गरेको अन्तरक्रिया कार्यक्रममा सहभागी मानव अधिकारकर्मीहरूले जातीय विभेद नियन्त्रण गर्न राज्य गम्भीर नदेखिएको बताएका हुन् ।

स्थापना दिवस, गणतन्त्र दिवस मनाउने प्रदेश र स्थानीय सरकारले पितृसत्तात्मक सोचले जगडिएको जातीय भेदभाव र छुवाछुत उन्मूलन राष्ट्रिय दिवसमा कुनै सचेतनात्मकमूलक कार्यकमसमेत नगरेको पाइएको छ । कर्मचारीलाई तलब खुवाउन नसक्ने अवस्थाको अर्थतन्त्रमा पुगेको बेला मंहगा होटलमा विविध कार्यक्रम गर्ने प्रदेश र स्थानीय सरकारले समाजको प्रमुख समस्याको रूपमा रहेको जातीय भेदभाव हटाउन नचाहेको देखिएको अन्तरक्रियामा सहभागीहरूले प्रश्न गरेका छन् ।

राष्ट्रिय महिला आयोग सदस्य कृष्णकुमारी पौडेलले छुवाछूतको सवालमा सबै तहको बुझाई समान हुनुपर्ने बताइन । महिला आयोगमा प्राप्त उजुरीमध्ये दलित महिलाको उजुरी बढी भएको पौडेलले बताइन । उनले संघीय सरकारको सबै तह र वडा स्तर सम्म जातीय छुवाछूत अन्त्यको लागि एक हुनुपर्ने धारणा राखिन् । पितृसत्तात्मक सोच परिवर्तन नभएसम्म जातीय भेदभाव अन्त्य हुन नसक्ने पौडेलको भनाई छ । उनले जातीय भेदभाव गर्नेलाई पनि भेदभाव गर्दै चुप लाग्न छोडेर कडा प्रतिवादमा उत्रिनुपर्ने बताइन । भेदभाव नहट्नुमा राजनीतिक नेतृत्व गम्भीर हुन नसकेको बताउँदै पौडेलले महिलाहरू नेतृत्वमा पुग्नुपर्ने जोड दिइन् ।

मानव अधिकार आयोग बागमती प्रदेशका प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारीले ९५ प्रतिशत घटना दलित समुदायमाथि भेदभाव रहेको मिडिया अनुसन्धान र आयोगको अनुगमनबाट देखिएको बताए । भेदभाव र छुवाछुत राष्ट्रकै लागि बेइज्जती बनेको उनको भनाई छ । जातीयसँगै महिलामाथिको विभेद पनि डरलाग्दो रहेको उनले बताए । दलित महिला र बालबालिकामाथि भेदभाव धेरै रहेको र कमजोर तथा अशक्त वर्गमाथि धेरै दमन, विभेद बढी रहेको अधिकारीले बताए ।

जातीय भेदभाव र छुवाछुतको उजुरी आयोगमा धेरै रहेको र कार्यान्वयनमा सरकार गम्भीर नबनेको अधिकारी बताउँछन् । कानुनको कठोर कार्यान्वयन हुनुपर्ने भन्दै उनले कानुन मिलापत्रमा लैजाने नभई कानुनको कडा दण्ड नचलाई नहुने जिकिर गरे । भेदभाव नियन्त्रण एक दिनको विषय नभएकोले भेदभाव र छुवाछुत हटाउन अभियान चलाउनुपने अधिकारीले बताए । भेदभावलाई हटाउन कठिन पनि नरहेको भन्दै जनताको अवस्था सुधार गर्न सकिने अधिकारी बताउँछन् । अधिकारीले कानुनी प्रावधान बलियो भए पनि जातीय हक अधिकारको सवाल कार्यान्वयनमा फितलो भएको बताए ।

दलित गैरसरकारी महासंघ केन्द्रीय सदस्य कमलकुमार बिश्वकर्माले शहरी क्षेत्रमा छुवाछूत कम भएको भन्ने ठानिएको तर यथार्थमा अझै छुवाछूत हाबी रहेको बताए । 'दलित समूदाय जन्मनु अघिदेखि मृत्यु पर्यन्त लकडाउनमा बस्नुपर्ने बाध्यात्मक अवस्था छ' उनले भने 'संविधानको प्रस्तावदेखि विभिन्न धारामा व्यवस्था गरिए पनि किन कानुन अझै बनेन ?' उनको प्रश्न छ । छुवाछूतको मुद्दा दायर नहुने सवालमा पर्याप्त प्रमाण नहुने, साक्षी पनि नपाइने, सामाजिक सद्भावको लागि मिल्नुपर्ने दवाब आउने गरेको कारण उजुरी अदालत नपुग्ने गरेको विश्वकर्माले बताए । उनले भेदभाव र छुवाछुत नियन्त्रण सम्बन्धी कानुन बनाउन संघीय र प्रदेश सरकार अनुदार देखिएको गुनासो गरे । आफ्ना सुविधाको कानुन बनाउन हतार गर्ने राजनीतिक नेतृत्वले भेदभाव हटाउन कानुन बनाउन नचाहेको गुनासो गरे ।

कार्यक्रममा जिल्ला बार एसोसिएसन मकवानपुरकी अध्यक्ष अप्सरा बस्नेतले संविधानमा मौलिक हकमा व्यवस्था भए पनि दृष्टिकोणमा परिवर्तन नआएसम्म उपलब्धि नहुने बताइन् । 'छुवाछूत रूढिबादी परम्परा जरो गडेरै रहेको कारण निरन्तरताको दवाब आवश्यक छ, कानुनी पर्याप्त छ, कानुनमा दोष छैन, कार्यान्वयन पाटो फितलो छ' अध्यक्ष बस्नेतले भनिन् 'दिनदिनै भेदभावको सवाल आउँछन् तर, लिखित रूपमा उजुरी नहुदा अदालतसम्म पुग्दैनन ।'

हिमराइट्स मकवानपुर प्रमुख कुमारी वाइबाले धनको आधारमा छुवाछूतलाई लिने गरिएको बताइन् । आर्थिक रूपमा सबल भए जातको खोजी नहुने, कमजोर भएमा दलित मान्ने गरेको उनले बताइन् । सरकारले छुवाछूत उन्मुलनको लागि गहिरो अनुसन्धान नगरी सतही कार्यक्रम ल्याउने गरेको उनले बताइन् । बालबालिकालाई छुवाछूतको सवालमा गलत धारण भरिदिएको महिला तथा बालबालिका सेवा केन्द्र अध्यक्ष सरू बिकले बताइन् । दिवसको समयमा मात्रै हैन, अन्य कार्यक्रममा पनि छुवाछूतको सवालमा सचेतना जारी राख्नुपर्ने उनले बताइन् ।

कार्यक्रममा इन्सेककी वालुका न्यौपाने, मकवानपुर महिला समूहकी कार्यक्रम संयोजक निशा लामा, गैसस महासंघ मकवानपुर अध्यक्ष रमिला सापकोटा, दलित गैसस महासंघ केन्द्रीय सदस्य कमल विश्वकर्मा, महिला तथा बालबालिका सरोकार केन्द्र अध्यक्ष सरू विक, राष्ट्रिय अपांग महासंघ बागमती प्रदेशका वकालत संयोजक सुरेन्द्र तिमल्सिनालगायतको उपस्थिति थियो । सरकारले २०६३ साल जेठ २१ गते छुवाछूत उन्मुलन भएको घोषणा गरेको थियो । सोही दिनलाई जातीय भेदभाव र छुवाछुत उन्मूलन राष्ट्रिय दिवसको रूपमा मनाइने गरिन्छ । तर, सरकार पक्षले समाज रूपान्तरणका लागि आवश्यक देखिएका दिवस मनाउन इच्छा देखाएको छैन ।

महेश बर्तौलाको आरोपः

## प्रधानमन्त्री प्रचण्डले राष्ट्रघात गरे

साझाकुरा संवाददाता



हेटौंडा, २१ जेठ/नेकपा एमालेका सचेतक तथा मकवानपुरबाट निर्वाचित सांसद महेश बर्तौलाले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डबाट राष्ट्रघात भएको आरोप लगाएका छन् ।

राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड भारतका अगाडि घुँडा टेकेको आरोप लगाएका छन् । प्रधानमन्त्री प्रचण्डले भारत भूमिमा रहेको अवस्थामा एकतर्फी रुपमा नेपालको भूभाग माथिको दावी छाड्ने अभिव्यक्ति दिनु भनेको मुलुकप्रतिको गद्दारी भएको आरोप लगाए । उनले भनेका छन्, 'नेपालको १ इन्च जमिन पनि कसैलाई दिने वा साट्ने भन्ने अधिकार प्रधानमन्त्रीलाई छैन र हुँदैन पनि ।

कालापानी-लिपुलेक-लिम्पियाधुरा नेपालको जमिन हो । सत्तास्वार्थका लागि अरुलाई खुसी पार्न नेपालको यो जमिनविरुद्ध धावा बोल्ने छुट प्रधानमन्त्रीलाई छैन । यो भन्दा ठुलो राष्ट्रघात अरु केही हुनै सक्दैन, हामी यसको सशक्त प्रतिवाद गर्छौं ।', प्रचण्डको भारत भ्रमणको उपलब्धी १५ वटा मुर्रा भैंसी भएको उनले बताए ।

भारत भ्रमणका लागि जहाज चढ्नु केही क्षण अगाडिमात्र नागरिकता ऐन जारी हुनुले प्रधानमन्त्री र राष्ट्रपति कसका अगाडि घुँडा टेके भन्ने प्रष्टै भएको उनको भनाइ छ । यस्तो राष्ट्र विरोधी अपराधमा संलग्न व्यक्तिलाई कारबाही सुरु गर्नुपर्ने बताए । 'नेपालको संविधानको धारा ३ ले भौगालिक अखंण्डता सहितको राष्ट्रको व्यवस्था गरेको छ । यसरी नै धारा ४ ले नेपाल स्वतन्त्र, अभिभाज्य, सर्वाभौमसत्ता सम्पन्न राज्य हुने उद्घोष गरेको छ र संविधानको धारा ४(२)ले नेपालको क्षेत्र संविधान जारी हुँदाको वखतको क्षेत्र र प्रारम्भ भएपछि प्राप्त हुने क्षेत्र भनी उल्लेख गरेको छ । हाम्रो संविधान जारी हुनुभन्दा २०० वर्ष अगाडिदेखिको नेपालको भूभाग परित्याग गर्न किमार्थ सकिन्नँ ।', बर्तौलाले भने ।

२०७७ सालमा केपी ओली प्रधानमन्त्री भएको बेलामा नेपालको कालापानी, लिपुलेक र लिम्पीयाधुरा समेटेर नेपालको नक्सा जारी भएको र सो नक्सालाई संविधानको अंगको रुपमा समावेश गरिएको उल्लेख गरे । 'नेपालको कुनै सरकार तथा प्रधानमन्त्रीलाई नेपालको कुनै भूभाग अन्य कुनै मुलुकलाई दान दिने वा छाड्ने वा सट्टापट्टा गर्ने अधिकार दिएको छैन र प्रधानमन्त्री भारत प्रस्थान गर्नुभन्दा अगाडि बसेको मन्त्रीपरिषद स्वयंले समेत यस्तो अधिकार प्रचण्डलाई दिएको भन्ने कुरा सार्वजनिक भएको थिएन ।', उनी भन्छन् ।

'सन २०१९ देखि बिग्रेको नेपाल भारत सम्बन्ध भन्ने प्रचण्डको भनाईको अर्थ २०१९ मा भएको संविधान संशोधनबाट नेपालको भूभाग समेटेर नक्सा जारी गरिनु नै गलत भएको भन्ने देखिन्छ', उनले भनेका छन्, 'प्रचण्डको अन्तर वार्ताबाट उनी सार्वभौमसत्ता र भौगोलिक अखण्डताको विरुद्धको कार्य गरिरहेछन भन्ने स्पष्ट छ । यो नेपालको संविधानविरुद्धको कार्य हो । नेपालको संविधानको धारा १७(२)(च) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (१) र (२) विपरीतको कार्य हो ।', उनले भने । प्रधानमन्त्रीको अभिव्यक्ति मुलुक विरुद्धको घात भएको जिकिर गर्दै भौगोलिक अखण्डताविरुद्ध अभिव्यक्ति दिने र यसको षडयन्त्र गर्ने कार्य मुलुकी अपराधसंहिताको दफा ४९ र ५१ विरुद्धको कारवाही हुनुपर्ने बताए ।

## बागमतीमा सडक बनाउँदा सयौं रुख काटिएको आरोप



साझाकुरा संवाददाता

हेटौंडा, २१ जेठ/ मकवानपुरको बागमती गाउँपालिका वडा नम्बर-३ मा रहेको टुँडीखेल सामुदायिक वन भएर सडक निर्माण गर्ने नाममा एक सयवटा हरिया रुखहरु काटिएको स्थानीय वासिन्दाले गुनासो गरेका छन् । यस क्षेत्रमा एउटा सडक हुँदाहुँदै पनि जंगलबाट सडक निर्माण गर्ने नाममा हरिया सालका साना र ठुला रुख कटान गरिएको स्थानीयले आरोप लगाएका हुन् ।

बर्षौंदेखि उपभोक्ताले संरक्षण गरेको जंगलका रुख कटान हुँदा उपभोक्ता चिन्तित बनेका छन् । बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयको लगानीमा जनयुद्ध शहीद मार्ग निर्माण गर्ने नाममा हरिया रुख कटान गरिएको उपभोक्ताको गुनासो छ ।

फराकिलो सडक निर्माण गर्ने क्रममा जंगलबाट परेकाले केही रुख र बोटबिरुवा मात्र मासिएको टुडिखेल सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष रामबहादुर माझीले बताए । जथाभावि रुख कटान गर्ने गरी नै सडक निर्माण भने नगरिएको उनले जानकारी दिएका छन् । सयवटा हरिया रुख कटान हुँदा समेत वन उपभोक्ता समिति, डिभिजन वन कार्यालय हेटौंडाका प्रतिनिधि, बागमती गाउँपालिका पदाधिकारीले आँखा चिम्लीएर बसेको स्थानीयको आरोप छ ।

डिभिजन वन कार्यालय हेटौंडाका प्रमुख शिब सापकोटाले भने जंगलका हरिया रुख कटान गरेको आफूलाई जानकारी नभएको बताएका छन् । सामुदायिक वनको अनियमितताका बारेमा स्थानीयले जानकारी नगराएको सापकोटाले बताएका छन् ।

## मकवानपुरका ५ पालिकामा विद्यालय बन्द

साझाकुरा संवाददाता

हेटौंडा, २१ जेठ/चरम गर्मीका कारण बालबालिकाको पढाई प्रभाबित भएपछि मकवानपुरका ५ पालिकाले विद्यालय बन्दको घोषणा गरेका छन् । आइतबार तीनवटा गाउँपालिकाले विद्यालय बन्द गरेका छन् । अत्यधिक गर्मी भएपछि बालबालिकालाई पढाउन समस्या भएकाले विद्यालय बन्द गरिएको बताइएको छ ।




आइतबार मनहरी, राक्सिराङ र मकवानपुरगढीले पनि विद्यालय बन्द गर्ने निर्णय गरेका हुन् । यसअघि हेटौंडा उपमहानगर पालिका र बकैया गाउँपालिकाले पालिकाभित्रका सबै विद्यालय बन्द गर्ने निर्णय गरेका थिए । थाहा नगरपालिका, ईन्द्रसरोबर गाउँपालिका, भीमफेदी गाउँपालिका, कैलाश गाउँपालिका र बागमती गाउँपालिकाले विद्यालय बन्द गरेका छैनन् । बागमती गाउँपालिका पनि चरम गर्मी हुने क्षेत्र हो । थाहा नगर, ईन्द्रसरोबर, कैलास र भीमफेदीमा गर्मीको समस्या कमै हुने गरेका छ ।

आइतबार सूचना जारी गर्दै मनहरी, राक्सिराङ र मकवानपुर गढीले जेष्ठ २६ गते शुक्रबारसम्म विद्यालयको पठनपाठन बन्द गर्ने जानकारी दिएको छ । गर्मीका कारण पठनपाठनमा प्रतिकूल असर परिरहेको र कतिपय बालबालिकाको स्वाथ्यमा विभिन्न खाले समस्या देखिएपछि वर्षे बिदाबाट कट्टा हुनेगरी विदा दिइएको पालिकाहरुले बताएका छन् । जेठ २८ गते आइतबारबाट नियमित विद्यालय सञ्चालनमा हुनेछ ।

विदाको अवधिमा बालबालिकालाई घाममा बाहिर निस्कन नदिई घरमै सुरक्षित रुपमा रहने व्यवस्था मिलाउन अविभावकलाई आग्रह गरिएको छ । बालबालिकालाई रचनात्मक र सिर्जनात्मक कार्यमा सहभागी हुन प्रोत्साहन गर्ने, पोषणयुक्त खाना खुवाउने, जंकफुड, स्वास्थ्यलाई प्रतिकूल असर गर्ने खानेकुराहरु नखुवाउने र स्वच्छ खानेकुराहरु मात्रै खुवाउन सुझाव समेत दिइएको छ ।

मनहरी गाउँपालिकाका शिक्षा अधिकृत हरिचन्द्र सापकोटाले मौसममा सुधार आएको खण्डमा बिदाको समय कटौती गरी नियमित पठनपाठन गर्न सकिने जानकारी दिए । समय प्रतिकूल रहेसम्म बालबालिकाको स्वास्थमा ख्याल गर्न विद्यालयहरुलाई सूचित गरिएको बताए । राक्सिराङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देबचन्द्र गर्तौलाले बिदाको समयमा बालबालिकालाई घरमै स्वअध्ययनमा लगाउन आग्रह गरिएको बताए ।

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# विद्यालय नर्स दुर्गममा आवश्यक

गाउँगाउँमा स्वास्थ्य शिक्षा पुऱ्याउने उद्देश्यसहित बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०७६/७७ मा 'एक विद्यालय, एक नर्स' कार्यक्रम ल्याएको त्यसयता कार्यक्रमले निरन्तरता पाइरहेको छ । विद्यालयमा नर्सको भूमिका प्रभावकारी देखिएपछि बागमती प्रदेश सरकारले ल्याएको आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममा पनि शिक्षा क्षेत्रलाई विशेष प्राथमिकतामा राखेर विद्यालय नर्स कार्यक्रमलाई विस्तार गरी कक्षा १२ सम्म सञ्चालन भएका प्रदेशका सबै माध्यमिक विद्यालयमा पुऱ्याइने सरकरको नीति छ । विद्यालय नर्सहरुले विद्यार्थीलाई 'जंकफुड' खान प्रतिबन्ध लगाउनेदेखि प्रजनन् स्वास्थ्य, ब्यक्तिगत सरसफाइ र आधारभूत स्वास्थ्य क्षेत्रको विषयमा चेतना फैलाउँदा आमविद्यार्थीको जीवनशैलीमा परिवर्तन आएको छ । विद्यालय नर्सको आवश्यकता दुर्गम गाउँका विद्यालयमा नै बढी देखिन्छ । सहरी क्षेत्रमा धेरै स्वास्थ्य संस्था छन् । सहरी क्षेत्रका बालबालिका तथा तिनका अभिभावक स्वास्थ्यप्रति बढी नै सचेत छन् । विद्यालय नर्स दुर्गमका विद्यालयमा टिक्दैनन् बरु सुगममै सरुवा मिलाइहाल्छन् ।

विद्यालय नर्सको प्रभावकारिता विकटमा नभइ सुगम क्षेत्रमा मात्रै सीमित रहेको पाइएको छ । प्रदेशका अधिकांश जिल्लाको विकट क्षेत्रमा 'विद्यालय नर्स' कार्यक्रम कार्यान्वयन गराउन स्वास्थ्य मन्त्रालयलाई चुनौती देखिएको छ । आर्थिक वर्ष २०७६/७७ मा प्रदेशका १ सय १९ स्थानीय तहमा एक जनाका दरले र थप एक गरी १ सय २० जना विद्यालय नर्स भर्ना भएका थिए । चालु आर्थिक वर्ष २०७९/८० मा आइपुग्दा ४ सय ५९ विद्यालयमा रहेका नर्स र थप ६० नयाँ विद्यालयमा नर्स भर्ना हुँदा ५ सय १९ वटा विद्यालयमा नर्स खटिएका छन् । ५ सय १९ जना विद्यालय नर्समध्ये ५० भन्दा बढी विकट क्षेत्रमा खटिएका थिए । स्वास्थ्य मन्त्रालयको तथ्यांकअनुसार विकटमा खटिएका ति विद्यालय नर्सहरु निश्चित समयसम्म टिक्न सकेनन् । धादिङ, मकवानपुर, काभ्रे, चितवन, रसुवा, सिन्धुपाल्चोक, रामेछाप, सिन्धुली, दोलखा, नुवाकोटका विकट क्षेत्रमा खटिएका विद्यालय नर्सहरु नटिकेको स्वास्थ्य निर्देशनालयले जानकारी दिएको छ । विद्यालय नर्सहरु छोटो समय विकट क्षेत्रमा गएर काम गरे पनि सरुवा मिलाउने वा स्थायी सेवामा नाम निकालेर दुर्गम छोड्ने गरेका छन् । मन्त्रालयले विकट क्षेत्रका विद्यालयमा काम गर्ने गरी नर्स छनोट गरेर खटाएकोमा ५० जनाभन्दा बढी नर्सले केही समय काम गरेर राजीनामा दिएर हिँडे ।

सुगम क्षेत्रमा खटिएका नर्सहरु हालसम्म पनि काम गरिरहेका छन् । विकटमा खटिएका लामो समयसम्म नटिक्नाले समस्या आएको हो । विदेशीने, बिहे गरेर अन्य जिल्लामा जाने र लोकसेवामा नाम निकालेपछि राजीनामा दिने कारणले कतिपय विद्यालयमा नर्सहरु नटिकेका हुन् । विकटका विद्यालय नर्सलाई नियमित ओहोरदोहोर गर्न र बसोबासका लागि अप्ठेरो हुनु र अस्थायी प्रकृतिको जागिर भएकाले टिक्न मुस्किल छ । विकटका विद्यालयले विद्यालय नर्सलाई कक्षाकोठामा अंग्रेजी पढाउन लगाएको सूचना पनि आएको बताइएको छ । बागमतीमा १ हजार ५२२ मावि तहका विद्यालय छन् । जसमध्ये ४ सय ८६ नर्स विद्यालयमा कार्यरत छन् भने ३३ विद्यालयमा नर्स पठाउने तयारी छ । ५ सय १९ विद्यालयमा नर्स खटाएपनि प्रदेशमा अझै १ हजार ३ वटा विद्यालयमा नर्स पुगेका छैनन् । विद्यालय नर्स कार्यक्रम प्रभावकारी बनाउनका लागि अस्थायी नभई स्थायी दरबन्दी लोकसेवाबाट नै नियुक्त गरेर पठाउनुपर्ने सुझाव पनि आएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० जेष्ठ २३ गते मंगलबार ६ जुन २०२३ । द्वितीया, जेष्ठ शुक्लपक्ष । तछलागा ११४३ ने.सं. । सूर्योदय ५:१०, सूर्यास्त ६:५६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक चिन्ता | तुला | : परिवारमा हर्ष |
| वृष | : कार्यान्तरणको योग | वृश्चिक | : व्यवसाय फस्टाउने |
| मिथुन | : व्यर्थ भ्रमण | धनु | : नैराश्यता |
| कर्कट | : मान प्रतिष्ठा वृद्धि | मकर | : परिश्रमबाट सफलता |
| सिंह | : धनहानि | कुम्भ | : सम्पत्तिसम्बन्धी विवाद |
| कन्या | : हर्ष थपिने | मीन | : मित्रबाट विरोध |

# थर र गोत्रले जकडेको जीवन



**अमृता लम्साल**

केही समय अगाडिको कुरा हो, एउटा कार्यक्रममा एकजना 'लुम्सेली' (थर) भेट हुनुभयो । परिचय आदान/प्रदान भयो । जाहेरै छ, महिलाको परिचय उनको काम, पेशा, अस्तित्वले मात्रै पुग्दैनह यहाँ पनि प्रमाणित गर्ने क्रम सुरु भयो । कसको छोरी ? कसको बुहारी ? श्रीमान् को ? '

आफू लम्सालको छोरी भएको जानकारी दिने बित्तिकै टिप्पणी आयो, 'ए, तपाईं त सक्कली लम्साल हुनुहुँदोरहेछ । म पनि लम्साल हुँ, 'लुम्सु' भन्ने ठाउँबाट आएकोले म लुम्सेली लेख्छु । लम्सालहरू सबै लुम्सुबाट आएका हुन् ।'

त्यो दिनसम्म, महिलाको थर 'सक्कली' र 'नक्कली' भनेर परिभाषित हुन्छ भन्ने थाहा थिएनह तर, 'थर'को कुराले भने जहिल्यै पनि सोचमग्न बनाइरहन्थ्यो ।

एउटै ठाउँमा जन्मिएका र हुर्किएका भए पनि पुरुषहरूको थरमा आधिपत्य हुनेह महिलाको नहुने किन ? राज्य वा आफ्नै स्वेच्छाले पनि पुरुषहरूले टपक्क एउटा थर टिप्न पाउने, महिलाले नपाउने किन ?

उदाहरणको लागि, हरिबोल काफ्लेद्वारा लिखित पुस्तक 'यशोधरा'मा, लेखिएको छ– 'जेठा राजकुमार उल्कामुख कपिलवस्तु क्षेत्रका राजा भए । सालझोडा अर्थात् सालको जङ्गल फाँडेर राज्य स्थापना गरेकाले उनीहरूलाई शाक्य भन्न थालियो ।' (पेज १७)

त्यसैगरी, हालसालै विमोचित पुस्तक 'शताब्दी यात्रा: इन्द्रमाया पौड्याल' अनुसार, 'उनीहरूले भने, गिलो भात खाएकोले एकजनालाई गेलाल भनेका हुन् । यसपछि उनका सन्तानहरू गेलाल भए । तर, खास थरचाहिं पौड्याल नै हो । तपाईंहरू त्यहींको गेलाल हो । त्यसैले तपाईंहरू पहिला पौड्याल हो । यसपछि हामीले पनि आफूलाई पौड्याल लेख्न थाल्यौं ।" (पेज १८)

अर्को किताब 'हजुरआमाका कथा' की एक पात्र नानीछोरी श्रेष्ठले सुनाएको कथा पनि कम रोचक छैन । नानीछोरीका अनुसार, उनको बुढाससुरा नारायणप्रसाद भट्टले एकजना नेवार महिलालाई मन पराएर विवाह गरेका रहेछन्ह तर, त्यो समय जातपातको कारणले ती महिलालाई भान्सामा पस्न दिइएनछ । त्यसपछि, आफ्नो वंश थाम्न र पूजापाठको काम नरोक्न नारायणप्रसादले फेरि बाहुनी विवाह गरेछन् ।

पछि उनले आफूले मन पराएर ल्याएको जेठी श्रीमतीलाई 'भान्सा काढेपछि', जेठी श्रीमतीको थर श्रेष्ठबाट नै आफ्नो थर राखेछन् । त्यतिबेलादेखि, उनको परिवारमा, आफूसमेत, जेठीपट्टिबाट जन्मिएको सन्तान 'श्रेष्ठ' र कान्छीबाट जन्मिएको सन्तान, 'भट्ट' लेख्दै आएछन् । (पेज ११०)

माथि उल्लेखित उदाहरण हेर्ने हो भने, पुरुषहरूको थर, उनीहरूको मनमाफिक होस् वा जन्मिएको ठाउँको हिसाबले होस्, जसरी राखे पनि खासै ठूलो कुरा हुनेरहेनछह तर, महिलाको '?

त्यो त हुँदै नहुने वा वर्जित भएकै कुरा भयो । किनकि, 'महिला' व्यक्ति होइन, वस्तु हुन्ह उनीहरूको स्वतन्त्र अस्तित्व हुने कुरै भएन ।

ब्रिटिश कोलोनाइजेसन या अमेरिकीहरूले दास राख्ने समयको कुरा गर्ने हो भने, पुरुषको थर पनि अहिले महिलाको थर जस्तै गरेर राखिनेरहेछ । यसबारेमा खोज्दै जाने हो भने, दास उन्मूलनपछि अमेरिकामा कतिपय उन्मूलन भएका व्यक्तिहरूले आफ्नै मालिकको थर लिएछन् भने, कसै कसैले मात्रै आफ्नो पहिलेदेखिको थर कायम गरेछन् ।

इन्साइक्लोपिडिया ब्रिटानिकाका अनुसार, एघारौं शताब्दीतिर सुरु भएको थर या 'फ्यामिली नेम' (पारिवारिक नाम) राख्ने चलन एरिस्ट्रोक्याटिक परिवारहरूबाट सुरु भएको थियो र सोह्रौं शताब्दी पुगेर बल्ल टुङ्गियो । त्यतिबेला कुनै धनी परिवार या ठूला शहरहरूबाट त्यो चलन सुरु भएको थियो ।

यो कुरालाई 'कन्स्टिच्युसनल ल सोसाइटी । युनिभर्सिटी अफ उडिसा'को वेबसाइटमा, डेब्बी जैनको लेख, 'आइडेन्टिफिकेसन अफ वुमेन भाय हस्ब्यान्ड्स: अ मकरी अफ आर्टिकल फिफ्टिन'ले नकार्छ ।

उक्त लेखमा भनिएको छ, नवौं शताब्दीमा ब्रिटिश कमन ल, 'कभेर्चर' मार्फत विवाहित महिलाहरू कानुनी तवरमा लोग्नेको अस्तित्वमा समाहित गराइएह महिलाको छुट्टै अस्तित्व नरहने भयो । उपरोक्त कभेर्चर अनुसार महिलाहरू पुरुषको सम्पत्ति हुनेहुनाले, कानुनको नजरमा उनीहरूको कुनै अस्तित्व नरहने भयोह त्यसैले पनि उनीहरूको आफ्नो थर हुने भएन ।

यो नवौं शताब्दीको कुरा भएकोले, माथि उल्लेखित एघारौं शताब्दीको कुरा फरक देखिन्छ । जे भए पनि पश्चिमा समाजले पनि महिलाको थर छान्न पाउने अधिकारलाई त्यतिबेला बन्देज लगाएकै देखिन्छ ।

यो पंक्तिकारले पश्चिमा र पूर्वीयहरूको थरमा पनि एकपटक अंग्रेजी शब्दको सामञ्जस्यता भेटेको रमाइलो अनुभव छ । करिब १६/१७ वर्ष अगाडिको कुरा हो, त्यतिबेलाको बसाइ भएको शहर टेक्सस राज्यको अंबलमा एकदिन गाडी धुने ठाउँ, 'मिस्टर कार वास'मा गएकी थिएँ । त्यहाँ पुगेर स्टाफलाई कारको साँचो बुझाएर, पत्रिका पढेर बसिरहें ।

मभन्दा पहिले, त्यहाँ एकजना अफ्रिकन अमेरिकन पनि गाडी धुलाउन आएका रहेछन्ह उनी पनि पत्रिका पढ्दै थिए । एकछिनमा स्टाफ, 'मिस ब्याँन्सकोट ?' भन्दै आए । मेरो थर 'बाँस्कोटा'लाई उनीहरू त्यसैगरी उच्चारण गर्दथे ।

मैले पनि मलाई नै बोलाएको ठान्दै, 'यस् प्लिज !' भनें । स्टाफले आएर, तिम्रो गाडीमा एयर कन्डिसनको फिल्टर फेर्नुपर्छह वाइपरको ब्लेड फेर्नुपर्छ ' के के भन्दै गए । मैले, सबै कुरालाई हुन्छ भन्दै गएँह किनकि भोलिपल्ट मेरो इमिसन स्टिकर लिनुथियो, म झन्झट लिन चाहन्नथें ।

एकछिनपछि, सोही स्टाफ आएर अफ्रिकन अमेरिकनलाई काउन्टरमा बोलाएर हिसाब देखाएह ती अमेरिकन त रिसाएर आगो हुँदै सोधे, 'तिमीलाई कसले यो सबै फेर्न भन्यो ?'

ती स्टाफले मलाई देखाए । भएछ के भने, ती अमेरिकनको थरको स्पेलिङ र मेरो थरको स्पेलिङमा एउटा मात्रै अक्षरको फरक रहेछ । म त हाँस्दा हाँस्दा भएँह उनी रिसले रातो । नरिसाउने पनि कुरो थिएनह कहाँ कार वास गर ेको जम्मा ४० डलर तिर्नुपर्नेमा बिल आएको थियो, करीब डेढ सयको । पछि, स्टाफले आफ्नो गल्ती स्वीकारेर कुनै पनि चार्ज नलिई उनलाई जान दियो । यो पनि 'थर पुराण' नै थियो ।

अझ हामी पूर्वीयाहरूको 'गोत्र'ले दिने दु:खको त बयान नै नगरौं । गोत्रले पनि पुरुषलाई केही फरक पार्दैन उनीहरूको लागि 'गोत्र' भनेको अनवरत वंश परम्पराको निरन्तरता होह तर, यही 'गोत्र'ले महिलाहरूलाई अपमानको हदसम्म गिराउन सक्नेरहेछ ।

यहाँ एउटा घटना उल्लेख गर्न चाहन्छु । यो घटना ठ्याक्कै एक वर्ष अगाडिको हो । बाइस वर्षदेखि छुट्टिएर बसेकी तथा १७ वर्षदेखि सम्बन्धविच्छेद गरेकी महिलाको पूर्व-पतिको निधनमा, किरियाकर्म गराउने पण्डितले, पूर्व-पत्नीले किरिया बस्नै पर्ने नभए शुद्ध शान्ति नहुने र आफूले त्यहाँ कर्मकाण्ड नगराउने धम्की दिए ।

उनको भनाइ थियो, ती महिला अर्कोसँग नगएकी हुनाले पहिलेको पतिकै गोत्रमा रहन्छिन्ह त्यसैले, किरिया नबसे आधा मात्रै शुद्धयाईं हुन्छ । दुनियाँ कहाँबाट कहाँ पुगिसक्यो, महिलाको अस्तित्व र पहिचान नकार्ने कार्यमा कोही चुक्दैन । भलै, ती महिलाले नटेरेको कारण किरिया बसाउन सकेनन्ह नभए त अपमानित गरेरै छाड्थे ।

त्यस्तै घटना २०७४ साल जेठमा झापाको अर्जुनधारा नगरपालिका निवासी ४८ वर्षीय देवीमाया पौडेलमाथि घटेको थियो । सम्बन्धविच्छेद गरेर बसेकी उनलाई स्थानीय व्यक्ति, समाजसेवी तथा उनकै ८० वर्षीया आमा समेतले, 'समाजमा श्रीमानको किरिया नगर्ने मान्छे अछुतो मानिन्छ र त्यसले छोएको केही पनि चल्दैन भनेर बहिष्कार गर्नेसम्मका क्रियाकलाप भएपछि समाजको दबाबमा उनले काजकिरिया गरेको बताउँछिन्' भनेर त्यतिबेला समाचारमा आएको थियो ।

तर, यही कुरा पुरुषको लागि अनिवार्य हुँदैन । कतिपय पुरुषहरू, छोराहरू श्रीमतीको किरिया बसेकै बेलामा आफ्नो लागि अर्को श्रीमती खोज्न लागिसकेका यही आँखा साक्षी छन् न त उनीहरूलाई थरले छेक्छह न त, गोत्रले ।

कानुनले जतिसुकै समानताका कानुनहरू बनाए पनि सामाजिक रूपमा हुने यस्ता विभेदहरूबारे समाजमा थुप्रै छिद्रहरू लुकेर बसेका छन्ह ती छिद्रहरूले बेलामौकामा महिलालाई हदैसम्म अपमान गर्ने मात्रै होइन, मर्नु न बाँच्नुको परिस्थितिमा पुऱ्याइदिन्छन् ।

यो थर र गोत्रलाई मानवशास्त्रले कसरी हेर्नेरहेछ त ? यस बारे त्रिविवि मानवशास्त्र विभागका सह-प्राध्यापक जनक राईसँग प्रश्न राख्दा उहाँको जवाफ थियो, 'थरलाई मानवशास्त्रमा क्लान भनिन्छ र क्लान समूह प्राय: फरक हुन्छ अथवा एउटै थर भित्र सामान्यतया विवाह हुँदैन ।

अझ थर भित्र पनि समूह हुन्छन् - गोत्र (सबै समुदायले गोत्र भन्दैनन्) र सहगोत्री बीच विवाह हुन्न । अर्थात् गोत्र थरले वंश, नातागोता र परिवारबीचको दूरी (विलिफ इन ब्लड रिलेसन्स) र कति नजिक र टाढा हो भन्ने नाता सम्बन्धको दूरी मापन गर्छ भन्न सकिन्छ तर थर गोत्र शक्ति सम्बन्धको अन्तरजालो पनि हुन्छ ।

उहाँको भनाइमा, 'वंशको पहिचान सार्ने काम महिला वा पुरुष कोबाट गर्ने ? सम्पत्तिको स्वामित्व महिलाबाट कि, पुरुषबाट हस्तान्तरण गर्ने ? समाज मातृप्रधान हुने कि, पुरुषप्रधान हुने ? जस्ता संरचना निर्माणसित थर जोडिएको हुन्छ ।

संसारमा थरको अपनत्व पुरुषको मात्रै हुन्न । पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषको थरले वंश निर्धारण गर्छन् तर त्यसभित्र पनि फरक व्यवहारहरू पाइन सक्छह मैले केही हप्ता अगाडि सुनेको थामी समुदायमा परिवारमा छोराले बाबुको थर लिन्छ भने छोरीले आमाको यसरी छोरीहरूमा आमाको थर र छोराहरूमा बाबुको थर सधैं जान्छ ।'

यसको मतलब, महिलाको थर हुनै नहुने त होइनरहेछ त !

फेरि, सरकारले चाह्यो भने पनि थरको मामिलामा हस्तक्षेप गर्न सक्ने रहेछ । त्यसको उदाहरण, करिब ११/१२ वर्ष अगाडिको समाचार होला नेपालको म्याग्दी जिल्लाबाट आएको एउटा समाचार पढेकी थिएँ, जसमा भनिएको थियो 'यहाँका १४१ जना मगरहरूको नागरिकतामा एकै दिन सामूहिक रूपमा थर परि वर्तन भएका छन् ।

जिल्ला प्रशासन कार्यालयले बुधबार र बिहिबार दग्नाम गाविसमा बृहत् घुम्ती सेवा लगी पाँच पुस्तादेखि 'प्राविधिक कारणले' नामको पछाडि थापा थर लेख्दै आएका मगरहरूको थर परिवर्तन गरी गर्वुजा बनाइदिएको हो ।

' नागरिकतामा थरको समस्या छानबिन गर्दा उनीहरू वर्षौंदेखि पहिचानको समस्यामा परेको भेटियो । त्यसैले पुरानो नागरिकता खिचेर थर संशोधन गरी नयाँ नागरिकता दिएका हौं' प्रमुख जिल्ला अधिकारी रामबहादुर कुरुम्वाङले बताए । नागरिकता ऐन २०६३ अनुसार आवश्यकता अनुसार नागरिकले माग गरेअनुरूप थर परिवर्तन गर्न पाइने व्यवस्था गरेको छ ।' यी सबै व्यवस्था हुँदाहुँदै पनि, महिलाहरूलाई चाहिं थर र गोत्रको नाममा पनि जकेडेरै राख्नुपर्छ भन्ने सोचाइ परिवर्तन गर्न निकै गाह्रो छ । कहिलेसम्म यस्तै रहने होला ?

*(साभार: अनलाइनखबर)*

# नेपाली राजनीतिमा पुँजीवादी विचारधाराको प्रभाव

**लाओस राई**

२० औं शताब्दीको अन्त्यसम्म विश्वका ६४ भन्दा बढी राष्ट्रहरूमा साम्यवाद कायम थियो । १८७१ को अक्टोबर क्रान्तिपछि निकै प्रभाव जमाएको यो व्यवस्थाले विश्वलाई नयाँ राजनीतिक व्यवस्थामा पुऱ्याएको थियो । तथापि १९औं शताब्दीदेखि अस्तित्वमा उदाएका उदारवादी विचारधारका प्रतिरूप पुँजीवादी विचार धाराले २१औं शताब्दीको तेस्रो दशकसम्म विश्वलाई नियन्त्रण गर्ने विचारधाराका रूपमा देखिएको छ ।

मूलत: पुँजीवाद आफैंमा एक छुट्टै विचारधारा होइन । यो त केवल उदारवादी आर्थिक चिन्तन प्रणालीलाई बुझाउने एक शब्द मात्र हो । यसको अर्थ हुन्छ लगानी, मुनाफा पुँजी सञ्चय र पुन: लगानी अधिकार, अर्थतन्त्रले विकास गर्न हरेक मानिसलाई स्वतन्त्रतापूर्वक उद्यमशील हुन अवसर प्राप्त हुनुपर्छ । हरेक मानिसलाई उसको क्षमता, रुचि र लगाव अनुसार पेसा व्यवसाय छनोट र अवलम्बन गर्न पाउनुपर्छ । उद्यमशीलताको प्रेरक तत्त्व आर्थिक लाभ वा मुनाफा हो । यदि लगानीबाट मुनाफा हुँदैन वा पुँजी बन्दैन भने मानिसले त्यस्तो काम कहिल्यै गर्न चाहँदैन वा गर्दैन पनि । यो आर्थिक मानवको प्रमुख गुण हो । आर्थिक मानवले गर्ने प्रत्येक कार्यको प्रतिफल हुनुपर्छ भन्ने मान्यता राख्छ । अझै भन्ने हो भने प्रतिफल वा प्रेरणाबिना मान्छेको भित्री फदयबाट काम गर्ने जाँगर उत्पन हुँदैन ।

आर्थिक मानव भन्छन्, आर्थिक क्रियाकलापको प्रतिफल मुनाफा नै हो । मुनाफा सुनिश्चित नभएको समाज वा राज्यमा मानिस उद्यमशील हुन प्रेरित हुँदैन । यथार्थमा भन्ने हो भने मुनाफा र प्रतिफलबिनाको समाजले वा व्यक्तिले आर्थिक रूपले प्रगति गर्न सक्दैन ।

मुनाफाको अधिकारले अर्थतन्त्रलाई गतिशील बनाउँछ र मानिसको जीवनस्तरमा सुधार ल्याउँछ । जब व्यक्तिको जीवन र समाजको स्तरमा सुधार हुन थाल्छ तब विकास र समृद्धि विकट हुँदैन । किनभने आर्थिक वृद्धि हुने बित्तिकै जीवनशैलीमा परिवर्तन भइहाल्छ । विकास र समृद्धिको आधार पनि यही हो । लगानी र मुनाफाको ग्यारेन्टी हुने प्रणालीलाई पुँजीवाद भनिन्छ । वैचारिक रूपमा भन्नुपर्दा पुँजीवाद उदारवादी विचारबाट अनुप्रेरित हुन्छ ।

पुँजीवादको बारेमा संक्षिप्त टिप्पणी गरिसकेपछि पुँजीवादको पहिलो पाठशाला मानिने उदारवादका बारेमा पनि थोरै चर्चा गर्नुपर्छ ।

उदारवादलाई अंग्रेजीमा लिबरालिजम् भनिन्छ । यो ल्याटिन भाषाको लिबरबाट बनेको हो । यसको अर्थ हुन्छ स्वतन्त्र, उदारवादी व्यवस्थाको सार तत्त्व फ्रिडम अर्थात् स्वतन्त्र हो । प्रमुखत: उदारवाद युरोपको धर्मसुधार आन्दोलन र पुनर्जागरण प्रतिफल हो । मूलत: तत्कालीन युरोपको ब्यापारी वर्गको आर्थिक, सामाजिक तथा राजनीतिक आकांक्षाको प्रतिविम्बित गर्नका लागि उदारवादाले एक सशक्त विचारधाराका रूप ग्रहण गऱ्यो । उदारवाद १६औं १७औं शताब्दीदेखि नै सक्रिय विचारधारा भए पनि १९ शताब्दीमा मात्र पूर्णरूपमा अस्तित्वमा उदाएको हो ।

मुख्यगरी निरंकुश र तानासाही व्यवस्थाको विरोध र व्यवस्थाको अन्त्यपछि उदाएको विचारधारा हो । उदारवादको पनि मुख्य दुई पक्षहरू छन् एक स्वतन्त्र व्यक्ति दुई स्वतन्त्र बजार । अझै भनौं राजनीतिक र आर्थिक रूपमा स्वतन्त्रता पाउनुपर्छ भन्ने विचारधारा नै उदारवाद हो ।

उदारवादी विचारधारामा राजनीतिक स्वतन्त्रतालाई लोकतन्त्र र आर्थिक स्वतन्त्रतालाई बजार अर्थतन्त्रले व्यक्त गर्दछ । तत्कालीन विद्वान् डेकर हिटरले उदारवादलाई 'स्वतन्त्राको वास्तविक सार हो भनेका छन् ।' यद्यपि उदारवादले व्यक्तिलाई ज्यादै स्वतन्त्र बनायो र त्यसले आर्थिक उच्छृंखल र असमता निर्माण गऱ्यो भन्ने लागेपछि उदारवादी विचारधाराको विरोधमा धेरै तर्कहरू संगठित भए । तर २०औं शताब्दीदेखि उदार वादको स्वरूप क्रमश: परिवर्तित हुँदै सकारात्मक र रचनात्मक बन्दै बन्दै गयो । यद्यपि उदार वादको विरोध गर्नुपर्छ भन्ने विचार राख्ने पहिलो व्यक्ति माओत्से तुङ थिए । उनले 'उदारवादको विरोध गर' भन्ने लेख नै लेखे ।

स्पष्ट रूपमा भन्नुपर्दा जहाँ असमानता छ । त्यसको नियमन मानवीय र विवेकपूर्ण नियमद्वारा गरिँदैन व्यक्ति, स्वार्थ र बजारको सन्तुलनमा नै निर्णय अधिकार छोडिन्छ भने त्यसलाई पुँजीवाद भनिन्छ । पुँजीवादको पिता आदम स्मिथले पुँजीवादलाई मूलत: यसरी व्यख्या गरेको छ 'बजार स्वतन्त्र होस्, जसमा सरकार को अनावश्यक नियन्त्र नहोस् प्रतिस्पर्धा होस् जसबाट उपभोक्तालाई फाइदा पुगोस् । उदार वाद र पुँजीवादी विचारधारामा स्वतन्त्रले प्रतिस्पर्धा गर्दै कसरी एकअर्कामा द्वन्द्वात्मक चरणको उत्कर्षमा हुँदै घाँटी निमोठ्ने अवस्थामा पुग्छन्, त्यसको कुनै अर्थ राख्ने गर्दैन । यो विचार धाराले त केवल कसरी मुनाफा आर्जन गर्ने भन्ने विचारमा मात्र केन्द्रित हुन्छ ।

पुँजीवादमा पुँजीपतिहरू धन कमाउन प्रतिस्पर्धा गर्दछन् । साधन र स्रोतमाथि स्वामित्व एवं नियन्त्रणमा निरन्तर पुँजीपतिहरू बिचमा द्वन्द्व हुन्छ । त्यसमा एङ्गेल्सले भनेका छन् हरेक सामाजिक व्यवस्था एक ऐतिहासिक आवश्यकताले आउँछ र ऐतिहासिक व्यवस्थाले नै बिदा गर्छ । त्यसलाई हेगलले समयको अन्तरले एउटै कुरा पनि न्याय अन्यायमा फेरिन्छ भनेका छन् । जब पुँजीवाद उत्कर्षमा पुग्छ वा सीमित स्रोत साधनमाथि नियन्त्रणको होडबाजी हुन्छ अथवा खोसाखोस हुन्छ । त्यो प्रतिस्पर्धामा सीमित पुँजीपतिले स्रोतसाधन नियन्त्रणमा लिन्छन् । थोरै मान्छेको हातमा सम्पत्ति हुन्छ र धेरै जनसमुदाय सम्पत्तिविहीन हुन्छन् । त्यहींबाट पुँजीवाद संकटमा पर्छ । सम्पत्तिविहीनले केही क्षणअघिको मित्रमाथि हमला बोल्छ र त्यहींबाट पुँजीवाद संकटमा फस्छ । त्यसले नयाँ अवस्था निर्माण गर्छ । त्यो अवस्थाले पुँजीवादलाई नयाँ रूपमा जाने कि समाप्त हुने भन्ने संकट पैदा गर्छ र संकटपूर्ण अवस्थालाई पार गर्दै पनि नयाँ चरणमा पुँजीवाद रूपान्तरण हुन्छ ।

पुँजीवादमा संकट उत्पन्न कसरी हुन्छ र समाधान कसरी हुन्छ ? सामाजिक संरचनामा कसरी परिवर्तन हुन्छ ? समाजवादका संरचनाहरू निर्माणले पुँजीवादी संरचनामा थप चुनौती कसरी पैदा हुन्छन् ? यसका बारेमा एक प्रसङ्ग उल्लेख गरौं । सन् १९०० भन्दा पहिले पुँजीवाद फरक स्वरूपमा विश्व बजारमा चलायमान थियो । जसअन्तर्गत पुँजीपतिहरू एकअर्कामा प्रतिस्पर्धी थिए । उत्पादनका साधनमाथि कसको बढी नियन्त्रण हुने भन्ने विषयमा ठुलो लडाइँ हुन्थ्यो ।

तर सन् १९०० पछि पुँजीपतिहरूले उत्पादनको दृष्टिले विश्वलाई पाँच ब्लकमा विभाजन गऱ्यो । त्यही पाँच ब्लकलाई अमेरिका, जापान, जर्मनी, बेलायत र फ्रान्सले नियन्त्रण गरे । विश्वलाई आफ्नो स्वार्थ अनुकूल उपभोग गर्दागर्दै पनि समय क्रमले पुँजीपतिहरूलाई द्वन्द्वको अवस्थामा पुऱ्यायो । त्यसको उदाहरण पहिलो र दोस्रो विश्व युद्ध हुनपुग्यो । यी दुई युद्ध पुँजीवादीहरूको बिचमा भएको हो । जुन एकाधिकार चरणमा भएको पुँजीवादीहरूको सैर्ष थियो । यही कारणले विश्व पुँजीवादीहरूको बिचमा ठुलो संकट उत्पन्न भयो । पहिलो कुरा त्यो संकटले उनीहरूलाई नयाँ चरणको खोजी गर्न बाध्य बनायो भने दोस्रो कुरा विश्वको सामाजिक संरचनामा र व्यवस्था नै परिवर्तन भयो । यसले गर्दा समाजवादी विचारधारा सुरुवात भयो । समाजवादीहरूले उनीहरूलाई चुनौती दिन थाले । समाजवादीहरूको चुनौती र पुँजीवादीहरूको भिडन्तले निर्माण गरेको संकटपूर्ण अवस्थाले पुँजीवादीहरू द्वन्द्वमा उत्रनुभन्दा एकीकृत र संगठित हुन पुग्यो । उनीहरूले पुँजीवादलाई अझै सशक्त बनाउने निष्कर्ष निकाले । नयाँ स्वरूपमा बहुराष्ट्रिय कम्पनीको निर्माण गरे । त्यही कारणले गर्दा १९४५ पछि पुँजीवादीहरू युद्धहरू गर्न छाडे । किनकि बहुराष्ट्रिय कम्पनीमार्फत विश्वका पुँजीपतिहरू एकै मञ्चबाट लगानी गरिरहेका हुनाले उनीहरू लड्नको सट्टा नयाँलाई ढंगले विश्वलाई राज गर्न थाले ।

*(साभार: रातोपाटी)*

# एक वर्ष पनि टिकेन रेल्वे बोर्ड, अधिकारसम्पन्न बन्दै रेल विभाग




काठमाडौं/खर्च कटौतीको दबाबमा रहेको सरकारले रेलको मामिला हेर्न थप अड्डा नचाहिने निष्कर्षसहित 'रेल्वे बोर्ड' खारेज गर्ने भएको छ । आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमार्फत सरकारले २० वटा सरकारी संस्था खारेज गर्न प्रस्ताव गरेकोमा रेल्वे बोर्ड पनि सूचीमा परेको छ ।

स्थापनादेखि नै रेल्वे बोर्डको औचित्यमाथि प्रश्न उठेको थियो । रेल हेर्ने अड्डामाथि अड्डा थोपरिएको भन्दै रेल्वे प्राविधिकहरुले नै सरकारी नीतिको विरोध गरेका थिए ।

अन्तत: संगठन संरचना पनि नबन्दै रेल्वे बोर्ड खारेजीको बाटोमा गएको छ । स्थापनाको एक वर्ष नहुँदै बोर्ड खारेज हुनुले सरकार कति अदूरदर्शी योजना बनाउँछ भन्ने छर्लङ्ग भएको छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका प्रवक्ता भीमार्जुन अधिकारी आगामी आर्थिक वर्षका लागि बोर्डको प्रशासनिक खर्चसहित अध्ययन अनुसन्धानमा पूँजीगत खर्चहरु प्रस्ताव गरिएपनि बजेटमा बोर्ड पनि खारेजीको सूचीमा परेको बताउँछन् । 'अर्थ मन्त्रालयले के निष्कर्षका आधारमा बोर्ड खारेजीको प्रस्ताव गर्‍यो भन्ने थाहा भएन,' प्रवक्ता अधिकारीले भने ।

रेल विभागले रेलमार्ग बनाइरहेको र नेपाल रेल्वे कम्पनीले रेल चलाइरहेको अवस्थामा विना अध्ययन रेल्वे बोर्ड थपिएको थियो । अहिले सक्रिय रहेको रेल विभागको कार्य विवरणमा पनि रेल चलाउने पूर्वाधार र जनशक्ति व्यवस्थापन गर्ने भन्ने छ । रेल्वे बोर्डको अधिकार क्षेत्र पनि त्यही छ ।

अधिकारीहरुका अनुसार बोर्डको गठनमा रेल चलाउनेभन्दा पनि राजनीतिक भर्तीकेन्द्र बनाउने राजनीतिक स्वार्थ लुकेको थियो । अहिलेसम्म बोर्डको संगठन, कार्ययोजना, जनशक्ति र बजेट व्यवस्थापन केही भएको नै छैन ।

बोर्डले काम थालेपनि अझै केही वर्ष रेल विभाग खारेज गर्न नसक्ने निष्कर्ष अर्थ मन्त्रालयले निकालेको हो । 'तत्कालै विभागले गर्ने काम बोर्डले गर्न सक्दैन भन्ने देखियो,' अर्थ मन्त्रालयका एक अधिकारीले भने, 'अहिले खारेज भएपनि भविष्यमा सरकारले पर्याप्त लगानी गरेर भारतमाजस्तै सयौं किलोमिटरमा रेल चलाउने वातावरण बन्यो भने यस्तो स्वायत्त बोर्ड गठन गर्दा फरक पर्दैन, अहिलेलाई यो बोर्ड सान्दर्भिक नदेखिएकै हो ।'

नेपालमा अहिले एउटै मात्र सार्वजनिक रेलमार्ग सञ्चालनमा छ- जनकपुर-जयनगर । यो रलमार्गमा चल्ने रेल पनि एउटै छ । वीरगञ्जको सुख्खा बन्दरगाहसम्म भारतबाट 'बल्क कार्गो बोकेर रेल त आउँछ, तर त्यो भारतीय 'क्यारियर' रेल हो । यसै हप्तादेखि विराटनगरमा पनि बल्क कार्गो आउन सक्ने अवस्था बनेको छ ।

तर, नेपालमा रेल र रेलमार्गको मामिला हेर्ने सरकारी अड्डाहरु भने थोरै छैनन् । कतिपय स्थानीय तह पनि रेलमार्ग बनाउन अग्रसर छन् । ललितपुर र काठमाडौं महानगरपालिकादेखि तिलोत्तमा नगर पालिकासम्म ट्राम र मेट्रो रेल चलाउने गृहकार्य गरिरहेका छन् । अन्य नगरहरु पनि यस्तो परियोजनाप्रति आकर्षित छन् ।

नेपालमा रेल सञ्चालनलाई राजनीतिक दलहरुले प्रतिष्ठाको विषय बनाएकाले रेलमार्ग निर्माणको क्षमता र आवश्यकता नहेरी संस्थागत संरचना बनाउने र ठेक्कापट्टा लगाउने काम भइरहेका छन् ।

रेल सञ्चालनका लागि आवश्यक विशिष्ट जनशक्ति तयार पार्ने, प्रविधि भित्र्याउने जस्ता काममा सरकारले सिन्को भाँचेको छैन । बुलेट रेल नै चलाउने संरचना बनाउन अग्रसर सरकार प्राविधिक अध्ययन गर्ने, गुरुयोजना बनाउनेजस्ता अत्यावश्यक काम गर्नुभन्दा रेलसम्बन्धी अड्डा थप्ने काममा सर कार आफैं अग्रसर थियो ।

संघीय सरकार मातहत रेल हेर्ने अड्डाको संख्या हालसालै ५ वटा छ । सिंहदरबारस्थित भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा रहेको पूर्वाधार निर्माण तथा यातायात महाशाखा रेल नीति निर्माण गर्न सक्रिय छ । यसअन्तर्गत सडक तथा रेल शाखा पनि छ । मन्त्रालयले बनाएको नीति कार्यान्वयन गर्ने र नीति नियमहरुका लागि सुझाव दिने काम विशालनगरमा रहेको रेल विभागले गर्छ ।

विभागले बर्दिबास र इटहरीमा योजना कार्यालय खोलेर पूर्व-पश्चिम रेलमार्गको अध्ययन र निर्माणको काम गरिरहेको छ । विभागले काठमाडौंमा बूढानीलकण्ठ-गोदावरी मेट्रो रेलको अध्ययन पनि गर्दैछ ।

लगानी बोर्ड पनि रेल्वे विकासको लागि लगानी खोज्ने काममा तल्लीन छ । धुलिखेल-नागढुंगा मेट्रो रेलको अध्ययन गरिरहेको लगानी बोर्ड विदेशी लगानीकर्ता भित्र्याएर रेल्वे विकास गर्न सरकारसँग जोडिएरै काम गरिरहेको छ ।

नेपाल रेल्वे कम्पनी रेलसम्बद्ध अर्को सरकारी संयन्त्र हो । स्तरोन्नतिपछि जनकपुर-जयनगर रेलमार्गमा भारतसँग किनेको रेल चलाउन सरकारले साढे २ वर्षअघि रेल्वे कम्पनीलाई ब्यूँताएको हो । विगतमा जयनगर-जनकपुर र र क्सौल-बारा-अमलेखगञ्ज रेल चलाएको यो कम्पनी रेल गाडी नै नरहेपछि कोमामा थियो । अहिले जनकपुर-जनयनगर रेल सञ्चालन र व्यवस्थापन यही कम्पनीले गरिरहेको छ ।

रेल हेर्न पर्याप्त निकाय हुँदा हुँदै किन स्थापना गरियो भन्ने नै स्पष्ट हुन नपाई रेल्वे बोर्ड खारेजीको संघारमा पुगेको छ ।

**हचुवामा स्थापित बोर्ड**

यो सूचीमा नेपाल सरकारले ३१ असार २०७९ मा 'नेपाल रेल्वे ऐन-२०७९' प्रमाणीकरण भएपछि रेल मामिला हेर्ने नयाँ अड्डाका रुपमा जन्मिएको थियो, 'रेल्वे बोर्ड' । ऐनअनुसार रेल्वे नियमावली बन्नु अघि नै रेल्वे बोर्ड खारेज गर्ने निष्कर्षमा सरकार पुगेको हो ।

बलराम मिश्रलाई बोर्डको प्रमुख नियुक्त गरेर मोहम्मद इस्तियाक राई ४ मंसिरको चुनावअघि भौतिक पूर्वाधार तथा यातायात मन्त्रीबाट बिदा भएका थिए । २०७७ सालमा काँकडभिट्टा-इनरुवा खण्डको रेलमार्ग ठेक्काको सेटिङ प्रकरणमा मुछिएका थिए मिश्र । त्यसबेला उनी रेल विभागका महानिर्देशक थिए ।

पोल खुलेपछि 'त्रुटि भएको' स्वीकार गर्दै ठेक्का रद्द गर्न बाध्य भएका उनी अवकाशपछि तीनै मिश्र रेल्वे बोर्डको कार्यकारी प्रमुख नियुक्त भएर आएका थिए । अहिले पनि उनी बोर्डबाट तलब सुविधा बुझिरहेका छन् ।

तत्कालीन मन्त्री राईकै निर्देशनमा रेल विभागको एउटा कोठामा 'नेपाल रेल्वे बोर्ड' राखिएको छ । त्यसका प्रशासक मिश्र यदाकदा त्यहाँ पुगेर हाजिरी गरेर फर्किन्छन् । यति शक्तिशाली बोर्डको प्रशासकमा विवादास्पद पृष्ठभूमिका व्यक्ति नियुक्त भएपछि काम नथाल्दै 'पंगु' हुने बाटोमा देखिएको थियो ।

विना कार्ययोजना गठन भए पनि कानुनअनुसार यो बोर्ड अधिकारसम्पन्न भने हो । हतार-हतार खडा गरिएको बोर्डले मिश्रलाई जागिर खुवाउनुबाहेक अरु काम थाल्न भने सकेको छैन ।

नियमावली समेत नबनेकाले रेल्वे बोर्डले कहिलेबाट, कसरी, के काम थाल्छ भन्ने अनिश्चित छ ।

बोर्डलाई चालु आर्थिक वर्ष २०७९/८० मा २५ लाख रुपैयाँ चालु बजेट दिइएको छ, जुन मिश्रको तलबमा खर्च भइरहेको छ । मिश्र बोर्डलाई कसरी सक्रिय बनाउने भनेर मन्त्रालयसँग छलफलमा रहेको अवस्थामा बोर्ड खारेजीको सूचीमा परेको छ ।

रेल्वे ऐन- २०७९ अनुसार यातायात मन्त्रालयका सचिव, अर्थ र गृह मन्त्रालयका सचिव वा उनीहरुले तोकेका सहसचिव रेल्वे बोर्डका सञ्चालक सदस्य हुन्छन् । व्यवस्थापन र इन्जिनियरिङ क्षेत्रमा कम्तीमा ५ वर्ष अनुभव हासिल गरेका एक-एक जना विज्ञ पनि सञ्चालक समिति सदस्य हुन्छन् । रेल्वे प्रशासक (कार्यकारी प्रमुख) समितिका सदस्य सचिव हुने कानुनी व्यवस्था छ ।

काम, कर्तव्य र अधिकारका हिसाबले रेल्वे वोर्डले आफूलाई आश्रय दिएको रेल विभागलाई विस्थापित गर्नसक्ने कानुनी हैसियत राख्छ । ऐनअनुसार नेपालमा रेल्वेको विकास र विस्तार गरी सुरक्षित, स्तरीय, नियमित र भरपर्दो रूपमा रेल्वे सेवा सञ्चालन गर्ने, गराउने काम समेतको लागि नेपाल रेल्वे बोर्ड स्थापना गरिएको हो । बोर्डको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहने र बोर्डले आवश्यकता अनुसार नेपालभित्र शाखा कार्यालय वा स्टेसन कार्यालय खोल्न सक्ने अधिकार ऐनले दिएको छ । रेल्वे बोर्ड अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुने र कानुनी व्यक्तित्व प्राप्त गर्ने ऐनमा उल्लेख छ ।

रेल्वे तथा रेल सेवाको विकास तथा विस्तारको लागि अवलम्बन गर्नुपर्ने नीतिको सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने अधिकार र कर्तव्य बोर्डसँग छ । रेल्वे सञ्चालनका लागि आवश्यक संरचना निर्माण सम्बन्धी कार्य गर्ने/गराउने बोर्ड नै हो । यसअनुसार रेलमार्गहरुको अध्ययन र निर्माण बोर्डकै जिम्मामा दिने व्यवस्था ऐनले गरेको छ ।

रेल्वे सेवा विस्तार तथा सञ्चालन सम्बन्धमा प्रदेश सरकार तथा स्थानीय तहहरुसँग आवश्यक समन्वयदेखि रेल्वे सञ्चालनसँग सम्बन्धित संरचनाको मर्मत-सम्भार सम्मका काम बोर्डले गर्नुपर्छ । आफ्नो वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने, बोर्ड अन्तरगत कार्यक्रम तर्जुमा, अनुगमन र मूल्यांकन गर्ने अधिकार पनि बोर्डले राख्छ । अब यस्ता काम कर्तव्य र अधिकार सबै रेल विभागको हुनेछ ।

रेल विभागका महानिर्देशक रोहितकुमार बिसुराल बजेट वक्तव्यमा रेल्वे बोर्ड खारेजी गरेर त्यसको काम विभागले हेर्ने प्रस्ताव गरिएको आफूले पनि देखेको बताउँछन् । 'यो संसदमा छलफलमा रहेको विषय हो,' उनले भने, 'यस्तो प्रस्तावको औचित्य र आवश्यकताबारे छलफल गरेर संसदले नै निर्णय लिन्छ, विभाग त आफूलाई प्राप्त जिम्मेवारी पुरा गर्ने निकाय मात्रै हो ।'

(स्रोत: अनलाइनखबर)

# अनुपले उचाले १३८ केजीको बाइक



काठमाडौं/'ह्यान्डसम भिलेन'को रुपमा चिनिएका अनुपविक्रम शाहीले बलिष्ठ शरीर बनाएका छन् । यसका लागि उनी दिनहुँ जिममा पसिना बगाउँछन् । खानपिनदेखि अन्य जीवनशैलीमा अनुशासित छन् । यसैले त उनको शरीर बाह्रैमास एकैनास हुन्छ । उनको सुगठित शरीर फिल्ममा पनि काम लाग्दै आएको छ । भिलेनको भूमिका निर्वाह गर्दा एक्सन सिनमा उनलाई शरीरले राम्रो साथ दिने गर्छ ।

तर, अनुपले आफ्नो बलिष्ठ शरीरको तागत फिल्ममा भने देखाउन पाएका छैनन् । जसरी बलिउड फिल्म 'फोर्स'मा अभिनेता जोन अब्राहमले बाइक नै उचालेका थिए । अनुपलाई पनि यस्ता स्टन्ट गर्न रुचि भएको देखिन्छ । हालै उनले एक बाइक उचालेर आफ्नो यो इच्छा प्रकट गरेका छन् । उनले शनिबार एमाहा कम्पनीको शोरुममा एमाहाको १३८ केजीको एमटी १५ बाइक उचालेका हुन् ।

उनले बाइक उचालेको भिडियो क्लिप्स इन्स्टाग्राम स्टोरीमा सेअर गरेका छन् । उनले दुई खुट्टाको सहारामा दुई हातले बाइकलाई जुरुक्कै उचालेर आफ्नो काखमा अड्याएका छन् । त्यतिबेला उनको 'मसल्स' कसिलो देखिएको छ । उनले क्याप्सनमा 'रोडिज सिजन ५' भनेर उल्लेख गरेका छन् । अर्थात्, उनले बाइक उचालेको उक्त दृश्य रोडिजको कुनै एउटा एपिसोडमा देख्न सकिनेछ ।

पछिल्लो पटक फिल्म 'लप्पन छप्पन २'मा देखिएका उनको यस वर्ष 'जार' र 'माया' गरी दुईवटा फिल्म प्रदर्शनमा आउने सम्भावना बलियो छ । उनले केही समयदेखि नयाँ फिल्म सम्झौता गरेको जानकारीमा छैन । भिलेनको भूमिकामा उनको राम्रो माग छ । यद्यपि, उनले लिड हिरो भएर पनि धेरै फिल्ममा काम गरेका छन् । पछिल्लो समय उनी रेस्टुरेन्ट व्यवसायमा समेत आबद्ध छन् ।

# दयाहाङको फिल्ममा किन छुट्दैनन् बुद्धि ?



काठमाडौं/नेपाली फिल्म क्षेत्रमा अभिनेता र अभिनेत्रीको केमेस्ट्रीको सबैभन्दा बढी चर्चा हुन्छ । जसरी अहिले दयाहाङ राई र मिरुना मगरको केमेस्ट्रीलाई लिएर भैरहेको छ । तर, फिल्ममा हिरो-हिरोइनको मात्र होइन, मुख्य पात्रको सहायक पात्रसँग पनि केमेस्ट्री जम्ने गर्छ । दयाहाङ राई र बुद्धि तामाङलाई उदाहरणको रुपमा लिन सकिन्छ । फिल्ममा उनीहरुको केमेस्ट्री जमेको छ । र, जोडी हिट छ ।

रंगमञ्च पृष्ठभूमिका दुवैले पहिलो पटक फिल्म 'कबड्डी'मा एकसाथ सहकार्य गरेका थिए । यो फिल्ममा उनीहरुको केमेस्ट्री रुचाइयो । यसपछि त उनीहरुले लगातार फिल्ममा काम गर्दै आइरहेका छन् । अचेल दयाहाङको फिल्म बुद्धि बिना अपुरो/अधुरो मानिन्छ । यसको कारण जोडी रुचाइनु नै हो । र, प्राय: फिल्ममा दयाहाङले निभाउने पात्रको 'ब्याकबोन'को रुपमा बुद्धि देखिने गरेका छन् ।

दयाहाङको फिल्ममा आफू जोडिरहनुको कारण दुवैको साथी सर्कल एउटै भएर पनि हो कि भन्ने बुझाई बुद्धिको छ । 'हामी दुवैको एउटै साथी सर्कल भएर पो हो कि ! दया दाईले गर्ने क्यारेक्टरमा मैले सपोर्ट गर्न सक्छु भनेर पनि हुनसक्छ । सपोटिङ क्यारेक्टर लोभी भैदिए कथालाई पनि सपोर्ट हुन्छ भनेर म दया दाई भएको फिल्महरुमा फुत्त-फुत्त देखिने गरेको हुनसक्छु,' उनी सुनाउँछन् ।

उनीहरुलाई एकअर्कासँगको सहकार्य गजबै फापेको देखिन्छ । बुद्धिलाई चाहिँ को कसलाई फापेको जस्तो लाग्छ त ? यसबारेमा उनी र सिलो ढंगमा अर्थपूर्ण जवाफ दिन्छन्, 'कोही फिल्ममा फाप्छ, कोही फिल्ममा फाप्दैन । यो त फिल्मको राशीफल अनुसार भरपर्ने कुरा रहेछ ।' दयाहाङ र बुद्धिले एकसाथ अभिनय गरेको नयाँ फिल्म 'नीरफूल' यही जेठ २६ गतेबाट प्रदर्शनमा आउँदैछ ।

# लिप्सिङ नमिलेको 'परस्त्री'को हिन्दी गीत

काठमाडौं/फिल्म 'प्रेमगीत ३' हिन्दीमा डब भएर भारतका हलमा प्रदर्शन भएपछि अहिले नेपाली फिल्म हिन्दीमा डब गर्ने प्रतिस्पर्धा नै चलेको छ । यस्तैमा अब फिल्म 'परस्त्री' पनि हिन्दी भाषामा डब भएर भारतमा प्रदर्शन हुँदैछ । आगामी असार १५ गते नेपाल र भारतका हलमा फिल्म एकसाथ लाग्दैछ । यतिबेला भारतको एक स्टुडियोमा फिल्मको हिन्दी डबको पोस्ट प्रोडक्सनको काम भैराखेको छ ।

बिहीबार फिल्मको 'माया बस्यो तिमीसँग' बोलको गीत सार्वजनिक गरिएको थियो । यही गीतको हिन्दी भर्सन आइतबार सार्वजनिक भएको छ । बीफोरयू म्यूजिक नामक युट्युब च्यानलबाट सार्वजनिक भएको गीतमा भारतीय गायक अमित मिश्र र गायिका सोनल प्रधानको आवाज छ । गीतमा नेपाली भर्सनकै संगीत प्रयोग गरिएको छ । हिन्दी भर्सनको शब्द भने विनित त्रिपाठीले लेखेका हुन् ।

नेपाली र हिन्दी भर्सनको शब्द फरक-फरक हुँदा भिडियोमा लिप्सिङको समस्या देखिएको छ । फिल्मका अभिनेता गौरव विष्ट र अभिनेत्री शिल्पा मास्केले नेपाली शब्दमा गरेको लिप्सिङ हिन्दी शब्दमा नमिलेको देखिन्छ । जसका कारण भिडियो हेर्दा आँखा विझाउँछ । गीतको नेपाली शब्दलाई हिन्दीमा 'ट्रान्सलेट' गरेर रेकर्ड गरिएको भए धेरै हदसम्म यो समस्या समाधान हुन सक्थ्यो ।

एउटा भाषामा तयार भैसकेको फिल्मलाई अर्को भाषामा डब गर्दा लिप्सिङ र टाइमिङ मिलेको देखाउनु पर्ने सबैभन्दा चुनौतीपूर्ण काम हो । त्यसका लागि भाषा 'ट्रान्सलेट' (अनुवाद) गर्दा निकै ध्यान पुर्‍याउनु पर्ने हुन्छ भने सम्पादनको पनि ठूलो भूमिका रहन्छ । 'परस्त्री'को हिन्दी भर्सनको गीतमा देखिएको लिप्सिङको समस्या फिल्ममा नदेखिन निर्माण टिमले राम्रै मिहिनेत गर्नुपर्ने देखिन्छ ।

# इन्टरमोडल यातायात विकास समिति खारेजी निर्णयमा उद्योग मन्त्रालय नै असन्तुष्ट

काठमाडौं/उद्योग वाणिजय तथा आपूर्ति मन्त्रालयले मातहतको इन्टरमोडल यातायात विकास समिति खारेजको निर्णयप्रति असहमति जनाएको छ । आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट प्रस्तुत गर्दै अर्थमन्त्री डा. प्रकाशशरण महतले मन्त्रालय मातहतको चार वटासहित दर्जन बढी कार्यालय र विकास समिति खारेजीको घोषणा गरेका थिए ।

बजेटको घोषणामा मन्त्रालयको इन्टरमोडल यातायात विकास समितिलाई खारेज गरेर पार वहन तथा गोदाम व्यवस्थापन कम्पनीमा गाभ्ने र निर्णय गरेको थियो भने विशेष आर्थिक क्षेत्र प्राधिकरण सेज र औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई गाभ्ने निर्णय गरेको थियो ।

अन्य निकायको हकमा ठिकै भए पनि इन्टरमोडलको हकमा बजेटबाट भएको घोषणा अमान्य र स्वीकार गर्न नसकिने अवस्थाको रहेको भन्दै मन्त्रालयले सच्याउने तयारी गरेको जनाएको छ ।

मन्त्रालयले आफ्नो मन्त्रालय मातहतको कार्यालयहरु गाभ्ने र खारेजी गर्ने निर्णयबारे कुनै निकायले सल्लाह नगरेको गुनासो पनि मन्त्रालयले जनाएको छ ।

'हाम्रो मातहतको कुनै पनि निकाय खारेज गर्ने वा मर्जरमा लैजानेबारे हामीलाई सोधखोज र जानकारी समेत गराइएन । बजेटबाट घोषणा भएपछि आफैं दंग खायौं,' मन्त्रालय उच्च स्रोतले भन्यो, 'कुन संस्था कसरी चलेको छ, यसबाट मन्त्रालय र राज्यलाई लाभ वा हानी के भएको छ भन्ने त स्पष्ट हुनुपर्‍यो ।'

नेपालको व्यापार पूर्वाधार बनाउने तथा त्यसको सञ्चालन गर्ने इन्टरमोडल यातायात विकास समितिले अहिले वार्षिक एक अर्ब २० करोड वार्षिक रुपमा आम्दानी गर्ने मन्त्रालयले जनाएको छ ।

६१ जना कुल स्वीकृत दरबन्दी रहेको कार्यालयमा जम्मा ३३ जना कर्मचारी छन् । देशभरका १० भन्दा धेरै बन्दरगाह व्यवस्थापन र पूर्वाधार सुधारको काम गर्ने कार्यालय चुस्त र कम खर्चयुक्त कार्यालय भएको मन्त्रालये जनाएको छ । सरकारले पूर्वाधारका लागि छुट्याएको बजेट भन्दा धेरै आम्दानी गर्ने निकायलाई खोरजीको निर्णय गर्नु पूर्वाग्राही भएको मन्त्रालयको बुझाइ छ ।

बजेटबाट खारेजीको निर्णय लगत्तै कार्यालयका कर्मचारीहरु अन्योल र काम गर्नै नसक्ने अवस्थाबाट गुज्रिएको गुनासो समेत मन्त्रालयमा आएको छ । 'सो कार्यालयमा कम जिम्मेवारी र उस्तै प्रकृतिको कार्यालय मिसाउँदासम्म ठिकै थियो,' मन्त्रालय स्रोत भन्छ, 'उसैलाई खारेजीको निर्णय भयो ।'

खारेजीको निर्णयमा परेको इन्टरमोडल यातायात विकास समितिले भने आफ्नो गुनासो मन्त्रालयमा पठाएको जनाएको छ । आफ्नो कार्यालय खारेज गरेर गाभ्ने भनेको निकाय र अब हुनसक्ने अप्ठ्यरोबारे मन्त्रालय जानकारी गराएको समितिका कार्यकारी निर्देशक आशिष गजुरेलले बताए ।

'राम्रो काम गरिरहेका थियौं । कम खर्च र उच्च मनोबलमा काम गरिहेको संस्थालाई किन खारेज गरियो,' गजुरेलले भने, 'यसबारे हामीले हाम्रो माथल्लो निकायसम्म असन्तुष्टि राखेका हौं ।'

बजेटमा संस्थान, कार्यालय र विकास समिति खारेको निर्णय आपसी सल्लाह र राज्यको आवश्यकता हेरेर गरेको अर्थ मन्त्रालयको दाबी छ । मन्त्रालयका प्रवक्ता धनीराम शर्माकाअनुसार प्रधानमन्त्री तथा पन्त्रिपरिषद् कार्यालय मातहतको एक अध्ययन टोलीले गरेको सिफारिसका आधारमा बजेटमा यस्तो घोषणा भएको हो । अध्ययन टोलीले राम्रै अध्ययन गरेर, मातहतका उपल्लो निकायलाई जानकारी गराएरै यास्तो सिफारिस गरेको उनले दाबी गरे ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**PrinterShop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

साझाकुरा

"तपाईं, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com

# वडाको भवन उद्घाटन गर्न मन्त्रीको जम्बो टोली

साझाकुरा संवाददाता

हेटौंडा, २१ जेठ/एउटा वडा कार्यालय उद्घाटन गर्न बागमती प्रदेशका मुख्यमन्त्रीदेखि मन्त्रीहरुको लस्कर नै लागेको छ । यसअघि व्यक्तिको घरमा लगाइएको पूजामा घण्टौंसम्म फुर्सदले बसेकोदेखि पसलको उद्घाटनसम्म मुख्यमन्त्री र मन्त्रीहरुको लस्कर लागेको चर्चा सेलाउन नपाउँदै वडा कार्यालयमा जम्बो टोली पुगेको खबरले बजार तातेको छ ।

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलसहित प्रदेशका मन्त्रीहरु सिन्धुलीमा आइतबार एउटै मञ्चमा देखिए । आइतबार मुख्यमन्त्री जम्कट्टेलसहित प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री गंगानारायण श्रेष्ठ र उर्जा सिचाई तथा खानेपानीमन्त्री तीर्थ लामा एउटै मञ्चमा देखिएका हुन् ।

मरिण गाउँपालिका-२ नम्वर वडाको भवन उद्घाटन गर्न मुख्यमन्त्री र थप दुई मन्त्री सिन्धुली पुगेका हुन् । प्रदेशसभा सदस्य छेत्रबहादुर बम्जन पनि कार्यक्रममा सहभागी थिए । भवन उद्घाटन



कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री जम्कट्टेलले स्थानीय तहले जनताको आधारभूत आवश्यकता पूरा गर्दै अनावश्यक खर्च कटौती गर्नुपर्ने सुझाव दिए । मन्त्री श्रेष्ठ र लामाले पनि तीनै तहका सरकारले अब राज्यकोषको दुरुपयोग नगरी जनतामुखी काम गर्नुपर्ने धारणा व्यक्त गरे ।

तर, एउटा वडाको भवन उद्घाटन गर्न प्रदेशका मुख्यमन्त्रीसहित तीन मन्त्री पुग्दा उनीहरुबाटै राज्यकोषको दुरुपयोग भएको छ । एउटै कार्यक्रमका लागि मन्त्रीहरुको समूह नै पुग्दा राज्यकोषबाट हुने खर्च बढ्ने भन्दै अहिले जनस्तर बाट विरोध भइरहेको छ । वडासचिव किरण राईले वडाअध्यक्ष र गाउँपालिका अध्यक्षको निर्देशनमा प्रदेशका मन्त्रीहरुलाई उद्घाटन कार्यक्रममा पत्राचारमार्फत् निमन्त्रणा गरिएको बताए ।

'हामीले सबै मन्त्रीज्यूहरुलाई पत्राचारमार्फत् निमन्त्रणा गरेका थियौं । उहाँहरु आइदिनुभयो, कार्यक्रम सफल भयो' उनले भने । ८६ लाख ७२ हजार रुपैयाँ लागतमा निर्माण भएको ९ कोठे भवनको उद्घाटन गरिएको हो ।

सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुनमन्त्री श्रेष्ठले प्रदेशका मुख्यमन्त्री जम्कट्टेल, ऊर्जा तथा सिंचाइमन्त्री लामालाई आफ्नो निर्वाचन क्षेत्रमा रहेको बज्रमारा सिँचाइ आयोजनाको सम्भाव्यताबारे स्थलगत अवलोकन गराउने क्रममा हरिहरपुरगढी गएको जानकारी दिएका छन् । मन्त्रीहरुको टोली जिल्लाको हरिहरपुरगढी गाउँपालिकाको १-२-३ नम्बर वडामा पर्ने दसौं हजार बिगाहा उर्वर भूमि सिंचाइ गर्नसक्ने बज्रमारा सिंचाइ आयोजनाको संभाव्यता अध्ययन गर्न बागमती किनारको बस्ती बज्रमारा पुगेको बताइएको छ ।

बागमती प्रदेशसभाको ६६ वटा निर्वाचन क्षेत्रमध्ये मानव विकास सूचकांकमा सबैभन्दा पुच्छार अर्थात् ६६ औं नम्बरमा रहेको यस क्षेत्रलाई ५ वर्षभित्र प्रदेशकै नमूना क्षेत्र बनाउने मन्त्री श्रेष्ठले बताएका छन् । मन्त्री श्रेष्ठले बागमती प्रदेश सरकारले मरिण र हरिहरपुरलाई धान पकेट क्षेत्र र घ्याङ्लेख गाउपालिकालाई तरकारी पकेट क्षेत्रको रुपमा विकास गरी यस क्षेत्रमा कृषि क्रान्ति ल्याउने बताए ।

हरिहरपुरगढी गाउँपालिकाका अध्यक्ष बज्रध्वज वाइबालगायतका स्थानीय टोलीसँग सिन्धुली, काभ्रे र मकवानपुर ३ जिल्लाको सीमाना जोडिएको स्थल भोर्लेनी नजिकै बागमती किनारामा रहेको बज्रमारामा ड्याम बाँधेर बागमतीको पानी हरिहरपुरगढीको सुख्खाग्रस्त दसौं हजार खेतीयोग्य जमिनमा सिंचाइ पुऱ्याउन सकिने यस आयोजनाको विस्तृत परियोजना प्रतिवेदन डिपिआर समेत तयार भैसकेको बताइएको छ ।

# थाहाको धार्मिक पर्यटकीय गन्तव्य पाथीभरा पदयात्रा

साझाकुरा संवाददाता

हेटौंडा, २१ जेठ/ मकवानपुरको पर्यटकीय नगरी थाहानगरमा नयाँ पर्यटकीय गन्तव्यको प्रवर्द्धन थालिएको छ । धार्मिक क्षेत्रको रुपमा पहिचान रहेको थाहा नगर पालिका वडा नम्बर ३ को पाथीभरा क्षेत्र पछिल्लो समय पदयात्राको आकर्षणको रुपमा परिचय स्थापित गर्न थालेको छ । धार्मिक दृष्टिकोणले आक्कलझुक्कल मानिसहरु पुग्ने पाथीभरामा स्थानीय क्षेत्रलगायत काठमाडौं र धादिङबाट आउने पर्यटक दिनहुँजस्तै पुग्न थालेका छन् ।

३ नम्बर वडाको प्रसिद्ध गोरखनाथ मन्दिरबाटै पैदलयात्रमा निस्कन सकिने पदमार्गको एकातर्फी बाटो करिब ६ किलोमिटर छ । थाहानगरको शिखरकोटबाट पनि पैदलयात्रा गर्न सकिन्छ । काठमाडौं तथा हेटौंडाबाट आउँदा पनि शिखर कोटमा सवारी साधन छोडेर यात्रामा निस्कन सकिने यो पैदलमार्गमा अहिले धार्मिक आस्था भएकाहरु उत्तिकै पुग्छन् । वडा नम्बर ३ को देउराली गाउँबाट पूरापुर जंगल यात्रा हुँदै पाथीभरा पुग्न सकिन्छ ।

ठाउँठाउँमा आरम गर्ने प्राकृतिक चौतारी, रुखको छायाँको शीतलता यो यात्राको विशेषता हो । ती ठाउँठाउँमा भारी बिसौनीबाट दामनपालुङको सुन्दर फाँटहरु अवलोकन गर्न सकिन्छ । यात्रामा जंगलको सिरसिर बहने हावा,



ठाउँठाउँको बिसौनी (चौतारी) उकालो सम्झदा मन्दिरको याद, तलतिर हरिया फाँट आहा, मनै लोभ्याउँछ पाथिभरा यात्राले । यात्रा गर्दा ठाडै उकालो मात्र पनि छैन, ठाउँठाउँमा तेर्सो बाटोले उकालोमा खलखली बगेको पसिना सर्लक्कै ओभाउँछ ।

यात्रामा निस्कदा बाटोमा कुनैपनि पसलहरु छैनन् । खानेपानी र हलुका खानेकुरा आफैंले बोक्नुपर्दछ । करिब २२ सय मिटर उचाइसम्म पुगिने भएकोले आराम गर्दै यात्रा गर्दा थप फलदायी हुनेछ । देउराली गाउँ छोडेपछि सबै जंगलकै यात्रा हो । संरक्षित सामुदायिक वन क्षेत्र भएपनि यहाँ वन्यजन्तुको आक्रमणको अहिलेसम्म कुनै डर छैन, मृग माउपाठाहरु भने भेटिन सक्छन् । जैविकविविधताले भरिपूर्ण यस क्षेत्रमा विभिन्न वनस्पतिको अध्ययन अनुसन्धानका लागि अध्ययन अनुसन्धान गर्ने पर्यटकहरु पुग्ने गर्दछन् ।

धेरै पहिले गाउँलेहरुले पूजाआजा गर्दै आएको पाथीभरा क्षेत्रमा अहिले गोरखनाथ कल्याण केन्द्रले मन्दिर नै स्थापित गरिदिएको छ । मन्दिर नजिकै गोरखनाथ कल्याण केन्द्रले नै एउटा ट्रष्ट बनाइदिएको छ । यही ट्रष्टले घामपानीमा यात्रुलाई राहत दिइरहेको छ । एकपल्ट पुग्नै पर्ने यो यात्रा जति धार्मिक छ उत्ति नै जैविकविविधताले पनि ख्याति प्राप्त रहेको छ ।

# केदार र सूर्यचन्द्र न्यौपाने एमालेमा फर्किए

साझाकुरा संवाददाता

हेटौंडा, २१ जेठ/नेकपा एमालेबाट विभाजन भएर बनेको नेकपा (एकीकृत समाजवादी)का पूर्वनेताहरु केदार न्यौपाने र सूर्यचन्द्र न्यौपाने नेकपा एमालेमै फर्किएका छन् ।

मकवानपुरमा केदार र सूर्यचन्द्रकै जगमा एकीकृत समाजवादीले गति लिएको थियो । एकीकृत समाजवादीमा रहँदा केदार केन्द्रीय उपाध्यक्ष र सूर्यचन्द्र निवर्तमान पार्टी जिल्ला संयोजक थिए । केदारसँगै सूर्यचन्द्र पनि एमाले केन्द्रीय मुख्यालय च्यासल ललितपुरमा पुगेर एमालेमै समाहित भएका हुन् । केदारले केही समयअघि नेकपा एसको नीति तथा कांग्रेसपरस्त प्रवृत्तिसँग असहति जनाउँदै राजीनामा दिएका थिए । राजीनामा दिएकामध्ये केदारका सहोदर दाइ मुकुन्द भने यसअघि नै एमालेमा फर्किएका थिए ।

एमाले केन्द्रीय कार्यालय च्यासलमा अध्यक्ष केपी शर्मा ओली, महासचिव शंकर पोखरेल, उपमहासचिव प्रदीप ज्ञवाली, विष्णु रिमाललगायतका नेताहरुले न्यौपाने र सूर्य शर्मालगायत नेतालाई एमालेमा स्वागत गरेका हुन् । सोही अवसरमा नेकपा एसका उपाध्यक्ष केशवलाल श्रेष्ठ पनि च्यासलमा थिए । उनले आफू विगतका तीतामीठा भुलेर एमालेले एकीकृत कम्युनिष्ट आन्दोलन पुन:निर्माणको अगुवाइ गरोस् भन्ने प्रस्ताव लिएर गएको बताए । एकीकृत समाजवादीबाट





एमाले फर्किने संख्या दैनिक बढ्दो छ । मकवानपुरमै एकीकृत समाजवादी गठन गर्दाका नेता कार्यकर्ताहरु थुप्रै एमालेमै फर्किइसकेका छन् ।

हेटौंडास्थित घरमै रहेर पछिल्लो राजनीतिक गतिविधिलाई नियालीरहेका केदार न्यौपाने एकीकृत समाजवादीप्रति असन्तुष्ट थिए । एमालेमा विभाजित हुँदा उठाएको मुद्दा बिर्सिएर पार्टी गलत ढंगबाट चलेको न्यौपानेले आरोप लगाएका थिए । न्यौपानेद्वयले पार्टी छोडेसँगै एकीकृत समाजवादी मकवानपुरलाई ठूलो धक्का लागेको छ । मकवानपुरको कम्युनिष्ट राजनीतिमा आदर्श नेताका रुपमा चिनिएका उनको एमाले फिर्तीले एकीकृत समाजवादीलाई समस्या पर्ने चर्चा भइरहेको हो ।

न्यौपाने स्थानीय र प्रदेश तथा प्रतिनिधिसभा निर्वाचनलगत्तैदेखि उनी एमाले र नेकपा एस मिल्नुपर्ने पक्षमा थिए । पछिल्लो सत्ता गठबन्धनले यी दुई पार्टीलाई झन् टाढा बनाएपछि न्यौपानेले नेकपा एस पार्टी छाडेका हुन् । न्यौपानेको समसामयिक राजनीतिक घटनाक्रमसँग मिल्दो 'धोकाको नशा' कविता धेरै चर्चित बनेको थियो । तत्कालीन नेकपाको पोलिटब्यूरो सदस्य तथा एमालेमा २०४५ सालदेखि पटक-पटक केन्द्रीय सदस्यको भूमिका रहेका न्यौपाने एमाले विभाजनसँगै एकीकृत समाजवादीको उपाध्यक्ष बनेका थिए । एमालेमा रहँदा माधव नेपाल पक्षका न्यौपाने भने एकीकृत समाजवादीभित्र एमालेसँग मिल्नुपर्ने लाइनका मुख्य नेता हुन् ।

न्यौपाने मकवानपुरमा वैचारिक, असल र सरल जीवनयापन गर्ने नेताका रुपमा परिचित छन् । उनै न्यौपानेको वैचारिक राजनीतिले मकवानपुरमा धेरै कम्युनिष्ट नेता जन्माएको चर्चा हुने गरेको छ । एमाले मकवानपुरका युवापुस्ता उनकै उत्पादनसमेत हुन् । न्यौपानेले २०२९ सालमा पार्टी सदस्यता लिएका थिए । २०३१ सालमा भूमिगत राजनीति गरेका उनले भूमिगतकालमा बारा जिल्लाको पार्टी सचिव बनेर काम गरेका थिए । २०३२ सालपछि उनी तीन वर्ष जेलसमेत परेका हुन् ।

# रजतजयन्तीको अवसरमा सप्ताहव्यापी कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, २१ जेठ/साना किसान सहकारी संस्था मनहरी-८ ले आफ्नो २५ औं वार्षिकोत्सवको अवसरमा सप्ताहव्यापी कार्यक्रम घोषणा गरेको छ । जेठ २१ गते आइतबार पत्रकार सम्मेलन गर्दै संस्थाले कार्यक्रम घोषणा गरेको हो ।

समस्त कार्यक्रमको बारेमा जानकारी दिनका लागि पत्रकार सम्मेलन गरिएको हो । २२ गते विहान ७ बजे वातावरण दिवसको अवसरमा मनहरी-७ रमौलीस्थित चुरियामाई मन्दिर परिसरमा वृक्षारोपण गरिने संस्थाका प्रवन्धक ज्योति सुवेदीले बताए ।

त्यस्तै २३ गते बिहान ७ बजे संस्थाको कार्यालय सभाहलमा रक्तदान, २४ गते बिहान ७ बजे गरिवि न्यूनीकरणमा साना किसानको भूमिका विषयमा मनहरी गाउँपालिकाअन्तर्गतका माविस्तरीय वक्तित्वकला प्रतियोगिता, २५ गते बिहान ७ बजे आधुनिक प्रविधि र प्रतिस्पर्धात्मक अवस्थामा संस्थापक सदस्यहरुको भूमिका र महत्वका विषयमा अन्तरक्रिया एवम् प्रशिक्षण र कृषक सम्मान तथा पुरस्कार वितरण कार्यक्रम रहेको छ भने अन्तिम दिन २६ गते बिहान ७ बजे संस्थाको सभाहल भवनको उद्घाटन र सहकारीकर्मी सम्मान तथा पुरस्कार कार्यक्रम रहेको सुवेदीले बताए ।

पत्रकार सम्मेलन संस्थाका अध्यक्ष बिमला कार्कीको सभाध्यक्ष तथा मनहरी गाउँपालिकाका निवर्तमान अध्यक्ष तथा संस्थाका संस्थापक अध्यक्ष एकराज उप्रेतीले उद्घाटन गरे । प्रमुख अतिथि उप्रेतीले साना किसान सहकारीका कारण यस भेगमा जनसमुदाय वित्तीय तथा गैह्रवित्तीय सेवालाभ गरिरहेको भन्दै आगामी दिनमा सेवाका क्षेत्र विस्तार गर्दै फराकिलो छाती बनाएर जानुपर्ने बताए ।

रेडियो मनहरी एफएमका स्टेशन म्यानेजर शिवकुमार काशीले पालिकाभर फैलिरहेको गैह्रकानुनी मिटरब्याजी, ढुकुटी व्यवस्थापनमा सहकारीको चासो हुनुपर्ने बताए । बजारभाउ महंगो भएको भन्दै सहकारीले यसमा ध्यान दिएर चाडपर्व लक्षित सहुलियत पसल सञ्चालन गर्नुपर्ने बताए ।

कार्यक्रममा मनहरी-८ का वडाअध्यक्ष नारायण उप्रेती, इलाका प्रहरी कार्यालय मनहरीका प्रहरी निरीक्षक कृष्णप्रसाद ढकाल, उद्योग वाणिज्य संघ पश्चिम क्षेत्र समितिका अध्यक्ष गणेशमान मानन्धर लगायतको उपस्थिति रहेको थियो ।

# वक्तृत्वकला प्रतियोगितामा कृतिका प्रथम

साझाकुरा संवाददाता

हेटौंडा, २१ जेठ/जातीय भेदभाव तथा छुवाछुत उन्मुलन राष्ट्रिय दिवसको अवसरमा हेटौंडाको ४ नम्बर वडामा आयोजित वक्तृत्वकला प्रतियोगितामा कृतिका लौडारी प्रथम भएकी छन् ।

सामाजिक अभियान सञ्जाल, हेटौंडा-४ को आयोजना, स्वतन्त्र विद्यार्थी युनियन, हेटौंडा क्याम्पसको व्यवस्थापन तथा ४ नम्बर वडा कार्यालयको विशेष सहयोगमा 'सामाजिक विकासका लागि जातीय विभेद एक चुनौती' विषयक वक्तृत्वकला प्रतियोगिता भएको थियो । प्रतियोगितामा कृषि तथा वन विश्वविद्यालयकी कृतिका लौडारी प्रथम, हेटौंडा क्याम्पसकी आकृति घिमिरे द्वितीय, सिदार्थ माविकी प्रकृति अर्याल तृतीय, महेन्द्रकिरण माविका रोशन लामिछानेले सान्त्वयता स्थान हासिल गरेका छन ।

प्रतियोगिताका विजेतालाई क्रमश: ५ हजार, ३ हजार, २ हजार र सान्त्वना १/१ हजारसहित तथा प्रमाणपत्र प्रदान गरिएको थियो । विभिन्न शैक्षिक संस्थाबाट





प्रतियोगितामा २३ जना प्रतियोगी विद्यार्थीको सहभागिता रहेको थियो । कार्यक्रमका प्रमुख अथिति ४ नम्बर वडाका अध्यक्ष नवीन सिग्देलले मानवीय विभेद आज पनि समाजमा अवशेषको रुपमा रहेको सामाजिक विकासमा अवरोध र समस्याको रुपमा रहेको बताए । उनले कागजमा मात्र नभई व्यवहारमा नै विभेद अन्त्य हुनुपर्नेमा जोड दिए ।

कार्यक्रममा गैसस, महिला नेतृ सुनिता दर्नाल, गैसस केन्द्रीय प्रशिक्षण विभाग सदस्य कमलकुमार विश्वकर्मा, गैसस मकवानपुरका उपाध्यक्ष कुमारी वाईवा, शैक्षिक गुणस्तरीय सुधार समिति, हेटौंडा-४ का अध्यक्ष श्रीराम दाहाल, वडा कार्यालयका सचिव टीका कंडेल, मकवानपुर क्याम्पसका स्ववियु सभापति छोईसाङ लामा, स्ववियु हेटौंडा क्याम्पस अध्यक्ष अभि मैनाली, सामाजिक अभियान सञ्जालका सचिव जोरोम घले, सञ्जालका सदस्यहरु सुनिरा लामा, सरु विश्वकर्मा, आधुनिक राष्ट्रिय माविका सहायक प्रअ दीपक अधिकारी, ईष्टु जिल्ला कार्यासमितिका सदस्य अनिल परियारलगायतको आथित्यता थियो । सञ्जालकी अध्यक्ष माया लामाको अध्यक्षतामा भएको निर्णायक मण्डलमा मनोज पोखरेल, बेदराज कोईराला, डिवि बर्तौला रहेका थिए ।

# बक्सिङ संघमा घिमिरेको नेतृत्व

हेटौंडा, २१ जेठ/ जनप्रतिनिधिसहित रहेका पूर्वअन्तराष्ट्रिय बक्सर सुशील घिमिरे मकवानपुर जिल्ला बक्सिङ संघको अध्यक्षमा चयन भएका छन् ।

हेटौंडामा भएको नवौं जिल्ला अधिवेशनबाट घिमिरेको नेतृत्वमा ८ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन भएको छ । नवनिर्वाचित अध्यक्ष हेटौंडा-५ का वडाअध्यक्ष हुन् । घिमिरेको अध्यक्षतामा गठन भएको जिल्ला समितिमा उपाध्यक्ष उज्वल शर्मा भण्डारी, सचिव अमित मानन्धर र कोषाध्यक्ष राजन शिल्पकार चयन भए । सदस्यहरु शिव श्रेष्ठ, मीनबहादुर घलान, रुपा विडारी र लक्ष्मी पुडासैनी चयन भएका छन् । नवनिर्वाचित कमिटीको कार्यकाल ३ वर्षको रहनेछ ।

कार्यक्रममा बक्सिङ संघका कोषाध्यक्ष राजन शिल्पकारले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । जिल्ला बक्सिङ अध्यक्ष दीपेश जोशीको सभाध्यक्ष तथा हेटौंडा उपमहानगरपालिका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यमा अधिवेशन भएको हो । संघका केन्द्रीय अध्यक्ष राम अवाले, महासचिव सविन भट्टाचार्य, जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष भेष खड्गी र हेटौंडा-१४ का वडाध्यक्ष दीपक खड्कालगायतको उपस्थित रहेको थियो ।

# युवामैत्री स्थानीय तहलाई प्रबोधिकरण र प्रोत्साहन कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, २१ जेठ/बागमती प्रदेश युवा परिषद् कार्यालयले युवामैत्री स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीका लागि दुइ दिने प्रबोधिकरण र प्रोत्साहन कार्यक्रम आयोजना गरेको छ ।

हेटौंडामा स्थानीय तहमा युवामैत्री स्थानीय शासन प्रवर्द्धन गर्न, वडा युवा क्लब निर्माण तथा नमुना युवा संसद अभ्यास कार्यक्रम गर्न, स्थानीय युवा परिषद् गठन गर्न, युवा वैज्ञानिक प्रोत्साहन तथा नवप्रवर्द्ध आबिस्कार र रिसर्चका लागि अनुदान कार्यक्रम राख्न, स्थानीय युवा सूचना तथा स्रोतकेन्द्र निर्माण गर्नेलगायतका उद्देश्य राखेर सोमबार कार्यक्रम गरिएको हो । कार्यक्रमको उद्घाटन् गर्दै बागमती प्रदेशका सामाजिक विकासमन्त्री कुमारी मोक्तानले तीन तहका सरकारसँग सहकार्य र सहअस्तित्वलाई स्वीकार गरेर काम गरिनुपर्ने बताए ।

शिक्षाको क्षेत्रमा, कानूनको क्षेत्रमा युवालाई अगाडि बढाउनुपर्ने उनले बताए । संघीयता र संविधान कसरी कार्यान्वयन गर्ने भन्ने चिन्ताका साथ युवाहरु अगाडि बढ्नुपर्ने उनले बताइन् । हेटौंडा उपमहानगरपालिकाकी मेयर मीना कुमारी लामाले युवाले मुलुकलाई कायापलट गर्न सक्ने बताएकी छन् । युवाहरु विदेश जानेक्रम धेरै बढेकाले युवालाई स्वदेशमा नै कसरी टिकाइ राख्ने भन्ने सरकारको चुनौती रहेको बताइन् ।

बागमती प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईले नेपालमा ४२ प्रतिशत भन्दा बढी जनसंख्या युवाको रहेकाले उनीहरुका निम्ति केन्द्रीत रहेर कार्यक्रमहरु ल्याउनुपर्नेमा जोड दिए ।

मुलुकमा व्यापक रोजगारीको समस्या भएकै कारण युवाहरु विदेश पलायन भएको चौलागाईले बताए । विकास भनेर भौतिक संरचना मात्र निर्माण गर्ने भन्दा पनि अरु कामलाई पनि जोड दिनुपर्ने अहिलेको आवश्यता रहेको उनको भनाई छ । मंगलबारसम्म सञ्चालन हुने कार्यक्रममा बागमती प्रदेशका विभिन्न स्थानीय तहका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सामाजिक विकास महाशाखाका प्रमुख तथा प्रतिनिधिको सहभागिता रहेको थियो ।

# राक्सिराङमा रैथानेबालीको परिकार विविधिकरण तालिम

साझाकुरा संवाददाता

हेटौंडा, २१ जेठ/ राक्सिराङ्ग गाउँपालिका कृषि विकास शाखाको आयोजनामा संचालन भएको रैथानेबालीको परिकार बनाउने तीन दिवशीय तालिम सोमबर एक समारोहका वीच समापन भएको छ ।

विद्यालय दिवा खाजामा रैथानेबालीको परिकार समावेश गर्ने उदेश्यले संचालन भएको तालिममा पहिलो चरणमा १७ वटा सामुदायिक विद्यालयका कर्मचारीहरुको सहभागिता रहेको कृषि स्नातक संगम बिश्वकर्माले जानकारी दिए ।

परिकार विविधिकरण तालिममा कोदो, फापर र भटमासबाट विभिन्न परिकारहरु बनाइएको थियो । जसमा भटमासको खिर, कोदोको चाउमिन, कोदोको नमकिन, कोदोको हलुवा, कोदोको प्यान केक, फापरको फूलौरा, फापरको सेल, फापरको नमकिन र कोदो+फापरको गुजिया बनाइएको थियो ।

कार्यक्रममा तालिमका सहभागीहरूले विद्यालय दिवा खाजामा स्थानीय एवम् रैथानेबालीका परिकार बनाएर खुवाउने प्रतिवद्धता व्यक्त गरेका थिए भने विभिन्न वक्ताहरुले स्थानीय स्तरमा उत्पादन हुने रैथानेबालीको उत्पादन प्रवर्द्वन, संरक्षण, विविधिकरण, उपभोग र बजारीकरणका जोड दिनुपर्ने धारणा राखेका थिए ।

राक्सिराङ्ग गाउँपालिका वडा नम्बर ८ का वडाध्यक्ष एवम् सामाजिक विकास समितिका संयोजक युसाई प्रजाको सभाध्यक्षतामा भएको समापन कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौलाको प्रमुख आतिथ्यता रहेको थियो ।

यसैगरी राक्सिराङ्ग गाउँपालिकामा रहेका विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, विद्यालयका प्रधानाध्यापक तथा शिक्षक, शिक्षिका र विभिन्न शाखामा कार्यरत कर्मचारीहरुको उपस्थिति रहेको थियो । समापन कार्यक्रममा कृषि प्राविधिक कृष्ण डुम्रेले कार्यक्रम संचालन गरेका थिए । तालिममा सूचना श्रेष्ठ, रेनु शाही र चन्द्रकान्त चौधरीले सहजीकरण गरेका थिए ।


# बकैया खोलामा डुबेर बालकको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २१ जेठ/जिल्लाको पूर्वी क्षेत्रस्थित बकैया गाउँपालिकाको बकैया खोलामा डुबेर एक बालकको मृत्यु भएको छ ।

बकैया गाउँपालिका-६, बेसीटोलका ११ वर्षीय सन्देश भोम्जनको डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

शनिबार दिउँसो ३ बजेको समयमा भोम्जन साथीहरुसँग बकैया खोलामा नुहाउने गएका थिए । नुहाउने क्रममा डुबेका उनको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । मुचुल्कासहित थप अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ ।

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"
आधुनिक सुन चाँदी पसल
हेटौंडा-२, पुरानो मकवानपुर रोड

हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।
प्रो. राजु सेन्चुरी
सम्पर्क नं. :
९८४५५३९५६३, ९८१५२२४३४३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना